मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष ४ | अंक १९० | २०८३ साल जेष्ठ १५ गते शुक्रबार | Friday 29, May 2026 | सूर्योदय: बिहान ०५:१२ बजे | सूर्यास्त: साँझ ०६:५३ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## मिटरब्याज पीडितद्वारा जिल्ला अदालत घेराउको घोषणा



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मिटरब्याज पीडितहरूले आगामी मंगलबारदेखि धनुषा जिल्ला अदालत घेराउ गर्ने घोषणा गरेका छन्।
मिटरब्याजविरुद्ध किसान मजदुर आन्दोलन नेपाल मिथिला कमाण्डका इन्चार्ज मोहन

*बाँकी पृष्ठ २ मा*

# आज बजेट भाषण

**मधेशदृष्टि**
**वीरगंज।**
अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आर्थिक वर्ष २०८३–८४ का लागि आज शुक्रबार अपराह्न ४ बजे सङ्घीय संसद्को संयुक्त बैठकमा बजेट प्रस्तुत गर्ने भएका छन् । संसद् सचिवालयले बजेट प्रस्तुतिको समय निर्धारण भएको जनाएको छ।

सरकारले आगामी आर्थिक वर्षका लागि करिब २२ खर्ब रुपैयाँ बराबरको बजेट ल्याउने तयारी गरेको छ।

सुस्त बन्दै गएको अर्थतन्त्रलाई चलायमान बनाउने, निजी क्षेत्रको मनोबल उकास्ने तथा पुँजीगत खर्च विस्तार गर्ने लक्ष्यसहित बजेट निर्माणको काम अन्तिम चरणमा पुगेको अर्थ मन्त्रालयले जनाएको छ।

यस वर्षको बजेटमा सरकारी कर्मचारीको तलब वृद्धि गर्ने तयारी पनि गरिएको छ। बढ्दो महंगी र कर्मचारी वृत्तबाट आएको दबाबलाई ध्यानमा राख्दै तलब समायोजनको गृहकार्य भइरहेको स्रोतको भनाइ छ।

यद्यपि तलब वृद्धि कति प्रतिशत हुने भन्ने विषयमा अन्तिम निर्णय भइसकेको छैन । सरकारले यसपटक कर प्रणालीमा पनि केही महत्त्वपूर्ण



परिवर्तन गर्ने सङ्केत दिएको छ।

उद्योगी–व्यवसायीले उत्पादन, आयात, विद्युतीय सवारीसाधन, सूचना प्रविधि तथा साना एवं मझौला व्यवसायसँग सम्बन्धित कर संरचनामा सुधारको अपेक्षा गरेका छन्।

# मधेश सरकार नीति तथा कार्यक्रम सार्वजनिक गर्दै




**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि वार्षिक नीति तथा कार्यक्रम आज सार्वजनिक गर्ने भएको छ।

प्रदेशसभा सचिवालयका अनुसार आज ११ बजे बस्ने प्रदेशसभा बैठकमा प्रदेश प्रमुख डा. सुरेन्द्र लाभले सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्नेछन्।

नेपालको संविधानको धारा १८४ को उपधारा (२) बमोजिम प्रदेश प्रमुखमार्फत सरकारको वार्षिक नीति तथा कार्यक्रम प्रदेशसभामा पेश गरिने सचिवालयले जनाएको छ। सरकारले ल्याउने नीति तथा कार्यक्रममा आगामी वर्षका प्राथमिकता, विकास योजना, आर्थिक रणनीति तथा विभिन्न क्षेत्रगत कार्यक्रम समेटिने अपेक्षा गरिएको छ।

यसअघि वैशाख २२ गते कृष्णप्रसाद यादव नेतृत्वको सरकारलाई जनमत पार्टीले दिएको समर्थन फिर्ता लिएपछि मधेश प्रदेश सरकार राजनीतिक रूपमा अस्थिर बनेको थियो । त्यसपछि मुख्यमन्त्री यादवले मधेशवादी दलबाट सरकारमा सहभागी मन्त्रीहरूलाई बर्खास्त गर्दै नयाँ सत्ता समीकरण निर्माण गरेका थिए । मुख्यमन्त्रीले मंगलबार मात्रै मन्त्रिपरिषद्लाई पूर्णता दिएपछि सरकार अब नीति तथा कार्यक्रममार्फत आगामी राजनीतिक तथा विकासको कार्यदिशा सार्वजनिक गर्ने तयारीमा जुटेको छ।

# ‘मिस मिथिलानारी नेपाल २०२६’ को पहिलो अडिसन जनकपुरधाममा हुने



**मधेशदृष्टि**
**जनकपुरधाम।**
सौन्दर्य प्रतियोगिता ‘मिस मिथिलानारी नेपाल २०२६’को पहिलो अडिसन आगामी जेठ १६ गते जनकपुरधाममा आयोजना हुने भएको छ।मिथिला संस्कृति, भाषा तथा महिला सशक्तीकरणलाई प्रवर्द्धन गर्ने उद्देश्यसहित प्रतियोगिता आयोजना गर्न लागिएको आयोजकले जनाएको छ।आयोजक थर्ड आई स्टुडियोज प्रालि ले ‘द ब्युटी अफ मिथिला’ नारासहित प्रतियोगिता सञ्चालन गर्न लागिएको जानकारी दिएको हो।प्रतियोगितामार्फत मिथिलाको सांस्कृतिक पहिचान संरक्षणसँगै महिलाको प्रतिभा, आत्मविश्वास तथा नेतृत्व क्षमताको विकासमा जोड दिइने बताइएको छ।

आयोजक संस्थाका प्रमुख हरिश जायसवालले यो कार्यक्रम केवल सौन्दर्य प्रतियोगितामा सीमित नभई मिथिला नारीको पहिचान र सशक्तीकरणसँग जोडिएको अभियान भएको बताए।

प्रतियोगिताका लागि अडिसन फर्म खुला भइसकेको छ। इच्छुक सहभागीहरूले इसेवा एपमार्फत आवेदन दिन सक्ने आयोजकले जनाएको छ।

जनकपुरधामपछि काठमाडौंमा पनि अडिसन कार्यक्रम सञ्चालन गरिने जानकारी दिइएको छ।

# १५औँ महाधिवेशन एकताको आधार बन्नुपर्छ: सिंह



**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाली कांग्रेसका पूर्व उपसभापति प्रकाशमान सिंहले पार्टीभित्र देखिएको विभाजन अन्त्य गर्दै १५औँ महाधिवेशनलाई एकताको महाधिवेशनका रूपमा अघि बढाउनुपर्ने बताएका छन्।

नेपाली कांग्रेस धनुषा–३ का क्षेत्रीय सभापति धिरेन्द्र निधिको १३औँ पुण्यतिथिको अवसरमा आयोजित श्रद्धाञ्जली सभालाई सम्बोधन गर्दै सिंहले पार्टीका सबै नेता–कार्यकर्ता एकढिक्का भएर अगाडि बढ्नुपर्नेमा जोड दिए।

उनले भदौ २३ र २४ गतेको आन्दोलनपछि मुलुक र पार्टी दुवै संकटपूर्ण अवस्थाबाट गुज्रिरहेको उल्लेख गर्दै कांग्रेसभित्र एकता अपरिहार्य रहेको बताए।

उनले १५औँ महाधिवेशनमार्फत विशेष महाधिवेशन पक्षधर र नियमित महाधिवेशन पक्षधर दुवै समूहको भावना सम्बोधन गर्दै निष्पक्ष र स्वच्छ ढंगले अधिवेशन सम्पन्न गर्नुपर्ने धारणा राखे।

सिंहले हाल भइरहेको सदस्यता अद्यावधिक अभियानप्रति पनि असन्तुष्टि जनाए । अद्यावधिक गराउनेलाई मात्र कांग्रेसी मान्ने र नगराउनेलाई कांग्रेस कार्यकर्ता नै नमान्ने प्रवृत्ति उचित नभएको उनले बताए।

कार्यक्रममा कांग्रेस नेता कृष्ण प्रसाद सिटौलाले लोकतन्त्र, संघीयता, समावेशिता र लोकतान्त्रिक पद्धतिको रक्षाका लागि अझै संघर्ष आवश्यक रहेको बताए।

पूर्व उपसभापति विमलेन्द्र निधि ले पनि कांग्रेसलाई बलियो बनाउन एकताको महाधिवेशन नै अहिलेको आवश्यकता भएको धारणा राखे। उनले पार्टीलाई सुदृढ बनाउन नेता–कार्यकर्ता सक्रिय हुनुपर्नेमा जोड दिए।

नेपाली कांग्रेस धनुषा–३ का क्षेत्रीय सभापति रामचन्द्र पजियारको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेताहरूले कांग्रेस कमजोर बन्दा मुलुकसमेत संकटतर्फ धकेलिएको टिप्पणी गरेका थिए।

कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण यादव, राष्ट्रियसभा सदस्य आनन्द ढुंगाना, पूर्व सहमहामन्त्री महेन्द्र यादव, प्रदेशसभा सदस्य रामसरोज यादव, नेपाली कांग्रेस धनुषाका सभापति योगेन्द्र पजियार लगायतले पनि मन्तव्य राखेका थिए।

## मानवताले जित्यो पीडा:
# कृत्रिम खुट्टासँगै फर्कियो आत्मविश्वास



**हरिशंकर शर्मा**
**वीरगंज।**
धादिङ जिल्लाको धुनीबेसी नगरपालिका–४ निवासी ९१ वर्षीय कृष्णप्रसादका लागि पछिल्ला चार वर्ष निकै कष्टकर बनेका थिए । खुट्टामा देखिएको सामान्य घाउ विस्तारै क्यान्सरमा परिणत भएपछि उनले आफ्नो एउटा खुट्टा गुमाउनुपरेको थियो । आर्थिक अवस्था कमजोर भएका कारण कृत्रिम खुट्टा जडान गर्न नसकेका उनी




वर्षौंदेखि अरूको सहारामा जीवन बिताउन बाध्य थिए । तर अहिले उनको जीवनमा नयाँ आशा पलाएको छ । रोटरी क्लब अफ गोगँबुको समन्वय तथा रोटरी क्लब अफ वीरगंजको सहयोगमा निःशुल्क कृत्रिम खुट्टा प्राप्त गरेपछि उनी पुनः आफ्नै खुट्टामा उभिन र हिंड्न सक्षम भएका छन्।

कृत्रिम खुट्टा पाएपछि कृष्णप्रसादले आफूले नयाँ जीवन प्राप्त गरेको अनुभूति व्यक्त गरेका छन् । चार वर्षदेखि सहज रूपमा हिंडडुल गर्न नसकेका उनी अब दैनिक जीवनका सामान्य कामसमेत आफैं गर्न सक्ने अवस्थामा पुगेका छन्। ९१ वर्षको उमेरमा पुनः स्वतन्त्र रूपमा हिंड्न पाउनु उनका लागि ठूलो उपलब्धि बनेको छ।

यस्तै, धुनीबेसी नगरपालिका–४ कै ५३ वर्षीय अनिल उपाध्यायको जीवनमा पनि यो अभियानले नयाँ मोड ल्याएको छ । तीन वर्षअघि उपचारको क्रममा चिकित्सकको लापरवाहीले एउटा खुट्टा गुमाएका उपाध्याय आर्थिक अभाव र शारीरिक असहजताका कारण निराश जीवन बिताइरहेका थिए । दुर्घटनापछि उनको दैनिकी निकै कठिन बनेको थियो। तर रोटरी क्लब अफ गोगँबुको समन्वय र रोटरी क्लब

*बाँकी पृष्ठ २ मा*



# एक खर्ब ८१ अर्बको पेट्रोलियम पदार्थ आयात



**वीरगंज।**
वीरगंज नाका हुँदै चालु आर्थिक वर्षको १० महिनामा रू एक खर्ब ८१ अर्ब ७० करोड मूल्य पर्ने छ थरिका पेट्रोलियम पदार्थ आयात भएको छ।

गत आवको १० महिनाको तुलनामा चालु आवको सोही अवधिमा मूल्यको आधार यो नाका हुँदै रू २५ अर्ब ५३ करोड अर्थात १६ दशमलव ३५ प्रतिशतले वृद्धि भएको हो। जबकी गत आवको १० महिनामा भने रू एक खर्ब ५६ अर्ब १७ करोड मूल्य पर्ने छ थरिका पेट्रोलियम पदार्थ भित्रिएको थियो।

वीरगंज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आवको १० महिनामा पेट्रोलियम पदार्थहरुको आयातबाट रू ६७ अर्ब १९ करोड राजस्व सङ्कलन गरेको बताए।

चालु आवको १० महिनामा रू एक खर्ब ५७ करोड मूल्य पर्ने आठ लाख ९५ हजार दुई सय ४६ किलोलिटर डिजेल आयात भएको छ । जबकी गत आवको १० महिनामा भने रू ७९ करोड ५७ करोड मूल्य पर्ने नौ लाख ८५७ किलोलिटर डिजेल आयात भएको थियो।

रू ३५ अर्ब ७९ करोड मूल्य पर्ने तीन लाख ९० हजार ६१५ किलोलिटर पेट्रोल आयात भएको छ। गत आवको १० महिनामा भने रू ३१ अर्ब ७१ करोड मूल्य पर्ने तीन लाख ६७ हजार ३४४ किलोलिटर पेट्रोल आयात भएको थियो । चालु आवको १० महिनामा रू २५ अर्ब ५४ करोड मूल्य पर्ने २४ करोड २७ लाख तीन हजार १५० किलोग्राम एलपिजी ग्यास आयात भएको छ। जबकी गत आवका १० महिनामा भने रू ३० अर्ब २८ करोड मूल्य पर्ने २६ करोड ४१ लाख १४ हजार ३२६ किलोग्राम एलपीजी ग्यास आयात भएको छ।

# हावाहुरीबाट विद्युत सेवामा क्षतिः

## चार दिनदेखि लाइन नहुँदा स्थानीयलाई सास्ती

मधेशदृष्टि
कलैया।
हावाहुरीका कारण बाराका विभिन्न क्षेत्रमा चार दिनदेखि विद्युत् सेवा अवरुद्ध हुँदा स्थानीयवासीले सास्ती भोग्नुपरेको छ। जेठ ९ र ११ गते आएको हावाहुरीले जीतपुरसिमरा उपमहानगरपालिकाका वडा नं. १, २, ७, ११, १४, १५, २१ र २२, निजगढ नगरपालिकाका वडा नं. १० र १३ तथा पर्सागढी नगरपालिकाका वडा नं. ३ र ४ मा विद्युत् सेवा प्रभावित भएको हो।

विद्युत् अवरुद्ध भएपछि चर्को घाम र अत्यधिक गर्मीका कारण स्थानीयवासीलाई दैनिक जीवनयापनमा समस्या भएको छ । जीतपुरसिमरा–१५ का स्थानीय शिवचन्द्र थारुले गाउँमा पोल ढलेर तीन दिनदेखि विद्युत् अवरुद्ध भएपनि अझै मर्मत हुन नसकेको बताए । नेपाल विद्युत् प्राधिकरण सिमरा वितरण केन्द्रका प्रमुख इन्जिनियर माधव महतले हावाहुरीका कारण ११ केभी प्रसारण लाइनका ५० वटा पोल ढलेका र पाँच वटा ट्रान्सफर्मरमा क्षति पुगेको जानकारी दिए।

उनका अनुसार क्षति भएका स्थानमा निर्माण व्यवसायीका तीन टोली परिचालन गरेर मर्मत कार्य भइरहेको छ । हालसम्म करिब ६० प्रतिशत क्षेत्रमा विद्युत् सेवा पुनः सञ्चालन गरिएको र बाँकी क्षेत्रमा एक–दुई दिनभित्र सेवा सुचारु गरिने जनाइएको छ।

# गणतन्त्रात्मक शासन प्रणालीको सफल कार्यान्वयनमा सबै प्रतिबद्ध हुनुपर्छ



सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि भएको सङ्घर्षमा प्रत्यक्ष सहभागी मध्ये एक हुन् युवराज दुलाल । गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा सिन्धुपाल्चोक क्षेत्र नं २ बाट प्रत्यक्ष निर्वाचित दुलाल नेपाली कम्युनिस्ट पार्टी संसदीय दलको प्रमुख सचेतक समेत हुन्। देशभर विभिन्न कार्यक्रमका साथ गणतन्त्र दिवस मनाइँदैछ। प्रस्तुत छ, गणतन्त्र स्थापनाका लागि भएको सङ्घर्ष, जनअपेक्षा, संविधान संशोधन तथा युवाको भावना र चाहनाका सन्दर्भमा राष्ट्रिय समाचार समितिका समाचारदाताद्वय रमेश लम्साल र नवीन पौडेलले नेता दुलालसँग गरेको अन्तर्वार्ताको सम्पादित अंश :

**युवराज दुलाल**
**- प्रमुख सचेतक, नेकपा**

**गणतन्त्र स्थापनाका लागि भएको सङ्घर्षको एउटा योद्धाका रूपमा ती दिनलाई कसरी स्मरण गर्नुहुन्छ ?**
सबैभन्दा पहिला जतिबेला म गणतन्त्र प्राप्तिको सङ्घर्षमा लागेँ, नेपालमा एकात्मक राजतन्त्रात्मक व्यवस्था थियो र नागरिकका छोराछोरीले राज्यको प्रमुख हुन पाउने अवस्था थिएन । राजपरिवारमा जन्मिएकै आधारमा, वंशको आधारमा राज्यप्रमुख हुने एउटा पुरातनवादी व्यवस्था थियो । त्यसको विकल्पमा गणतन्त्र भनेको चाहीँ जनताले आफ्नो शासन आफैँले चलाउने र जनताको अधिकार सर्वोच्च अवस्थामा हुने एउटा व्यवस्था हो र यो व्यवस्था नेपालको लागि उपयुक्त हुन्छ भन्ने उद्देश्यका साथ म गणतन्त्र प्राप्तिको आन्दोलनमा लागेँ। खासगरी २०५२ सालबाट सुरु भएको सशस्त्र सङ्घर्षमा सहभागी भएँ । यो उपलब्धि प्राप्तिका लागि धेरै नै कठिन सङ्घर्षहरू गर्‍यौँ । गणतन्त्र कहिले प्राप्त हुन्छ, यो युद्धका कतिबेला गएर टुङ्गिएला भन्ने अन्योलताका बीचमा हामी अगाडि बढ्थ्यौँ । जनताको मुक्तिको लागि भनेर राज्य व्यवस्था परिवर्तनको एउटा लामो यात्रा हामीले तय गरेका थियौँ । दश वर्षपछि परिस्थितिले जनयुद्ध र जनआन्दोलन समायोजन गरेर एउटा निष्कर्षमा पुग्नुपर्ने अवस्था आयो । हामीले त्यसलाई स्वीकार गरेर अगाडि बढ्यौँ। एकात्मक व्यवस्थाको अन्त्य र गणतन्त्रात्मक व्यवस्थाको स्थापना गर्न हामी सफल भयौँ। मलाई आफ्नो इतिहास, आफूले खेलेको भूमिकाप्रति गर्व छ। ती दिनहरू स्मरण गर्दा साँच्चै कहालीलाग्दा थिए। नेपाली जनताको रगत, पसिना सबै बगेको छ। यो व्यवस्था जनताको लागि समुन्नतिका लागि, जीवनस्तर सुधारका लागि होस् भन्ने अभिप्रायका साथ त्यो सङ्घर्ष भएको थियो।

**गणतन्त्र स्थापनाको विषय राजनीतिक परिवर्तनको माग थियो कि समग्रमा सामाजिक, सांस्कृतिक तथा आर्थिक परिवर्तनको अपेक्षा थियो ? तपाईंले आज कसरी स्मरण गर्नुहुन्छ ?**
गणतन्त्र स्थापनाका राजनीतिक र सामाजिक दुवै उद्देश्य थियो। व्यवस्था परिवर्तन भएपछि जनताले आफ्नो अवस्था सुधार गर्नका लागि आफ्ना प्रतिनिधिमार्फत सरकार निर्माण गर्ने, कानुन निर्माण गर्नुपर्ने थियो । तीव्र गतिमा जनताको जीवनस्तर परिवर्तन गर्ने र हामीले खोजेको गणतन्त्रमा समतामूलक समाज निर्माण गर्ने भन्ने थियो। धनी र गरिबबीचको खाडल कम होस्, राष्ट्रिय उद्योगधन्दा, कलकारखानाको विकास होस्, रोजगारी सिर्जना होस्, सामाजिक न्याय स्थापित होस्, शिक्षा, स्वास्थ्य जस्ता अधिकार जनताको पहुँचभित्र होस् भन्ने परिकल्पना हाम्रो थियो । हामीले जुन उद्देश्यले राजनीतिक व्यवस्था परिवर्तन गरेर जनताको अवस्था परिवर्तन गर्ने उद्देश्य राखेका थियौँ। त्यो पूरा भयो।

राजनीतिक व्यवस्था परिवर्तन भएको छ । हामीले केही सम्झौता गर्‍यौँ । हामीले भनेकै जस्तो मात्रै पनि भएको छैन । अरू राजनीतिक दलको पनि सहमतिको आधारमा हामी लोकतान्त्रिक गणतन्त्रमा आएका छौँ। जहाँसम्म देश र जनताको अवस्था जुनस्तरमा परिवर्तन गर्नुपर्ने थियो, हामीले त्यो अपेक्षित स्तर प्राप्त गर्न सकेका छैनौँ । तीव्र गतिले नेपालको आर्थिक, सामाजिक विकास तथा जनता र राष्ट्रको जीवनस्तर वृद्धि हुनुपर्थ्यो, नेपाल यतिबेलै एउटा विकासशील राष्ट्रमा अगाडि बढिसक्नु पर्दथ्यो । त्यो अपेक्षा विस्तारै पूरा हुने दिशामा अगाडि बढिराखेको छ । जनताका अधिकार स्थापित गर्न हामीले धेरै हदसम्म सफलता प्राप्त गर्‍यौँ तर व्यावहारिक हिसाबले जनताले प्रत्याभूत गर्ने गरी अपेक्षा अझै पूरा हुन सकेको छैन।

**कुनै पनि व्यवस्था परिवर्तन भइसकेपछि त्यसको दिगोपनका लागि आर्थिक र भौतिक प्रगति हुनुपर्ने थियो । त्यसो नहुनुका पछाडि के कस्ता कारण रहे भन्ने ठान्नुहुन्छ ? कमजोरी कहाँ भयो भन्ने लाग्छ ?**
समाजमा आर्थिक विषमता भइराख्यो भने वर्ग सङ्घर्ष हुन्छ । धनी र गरिबबीचको खाडल बढ्दै गयो भने त्यहीँ विद्रोह सुरु हुन्छ। त्यसमा राज्यले लिने नीतिमा भरपर्छ। हाम्रो संविधानमा समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने भनिएको छ । यसअघिका सबै सरकारले त्यसकै मार्गदर्शनमा नीति, कार्यक्रम र बजेट निर्माण गर्दै आइरहेका थिए । अहिले फागुन २१ गतेपछि बनेको सरकारले समाजवाद उन्मुख भन्ने संविधानको प्रस्तावनामा रहेको मर्मलाई उल्लेख नगरी नीति, कार्यक्रम आएको छ । विगतका नीति, कार्यक्रमले कहीँ न कहीँ समतामूलक समाज एवम् समाजवाद उन्मुख समाजलाई बढी प्राथमिकता दिएको थियो । अहिलेको नीति, कार्यक्रमले आर्थिक उदारीकरणलाई र पुँजीवादीकरणलाई चाहीँ बढी प्राथमिकता दिएको देखिन्छ।

**गणतन्त्र स्थापनापछि प्राप्त भएको उपलब्धिमा टेकेर आगामी दिनमा कसरी अगाडि बढ्नुपर्ला र गणतन्त्रलाई थप समृद्ध बनाउन के गर्नुपर्ला ?**
सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको सफल कार्यान्वयन गर्न सबै राज्यका निकाय, राजनीतिक शक्ति सबै प्रतिबद्ध हुनुपर्छ, इमान्दार हुनुपर्छ । यो व्यवस्थालाई सफल बनाउन सन्तुलित विकास, स्वस्थ प्रतिस्पर्धा, समन्वय, सहकार्य गर्नुपर्छ। जुन हामीले संविधानमा व्यवस्था गरेका छौँ । संविधानको हुबहु कार्यान्वयन र समय सापेक्षित महत्वपूर्ण संशोधन पनि अहिलेको आवश्यकता हो । राजनीतिक स्थायित्व कायम राख्न संविधानमा केही महत्वपूर्ण संशोधनहरू जरुरी छ। जुन समयले माग गरेको छ । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख हुने शासन प्रणाली बनाउने र निर्वाचन प्रणालीमा सुधार गर्न जरुरी छ । चुनाव खर्चिलो, भड्किलो छ र सक्नेले जित्ने भन्ने खालको छ । इमान्दार राजनीतिक व्यक्तिले जित्ने भन्दा पनि सक्नेले जित्ने निर्वाचन प्रणाली परिवर्तन गर्नुपर्छ।

हामीले पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा जानुपर्छ भनेका छौँ। विज्ञ सहभागी सानो मन्त्रिपरिषद् बनाउनुपर्छ । यस्ता कुराहरूमा संविधान संशोधन गर्नुपर्छ । अन्य कुरामा संविधानले व्यवस्था गरेको तीन तहको अधिकार आ–आफ्नो क्षेत्राधिकारभित्र रहेर इमान्दार भएर कार्यान्वयन गर्ने हो भने यो सङ्घीय लोकतान्त्रिक गणतन्त्र थप सबल हुन्छ । सबै क्षेत्र, वर्ग, जाति, समुदायलाई सन्तुलित हिसाबले स्वस्थ प्रतिस्पर्धात्मक वातावरणमा राज्यका स्रोत र साधनको समान न्यायिक वितरणमार्फत समुचित प्रयोग गरेर छिट्टै त्यसलाई समृद्ध बनाउनका लागि योगदान गर्नसक्ने पर्याप्त राजनीतिक कानुनी आधार निर्माण भइसकेको छ।

**सङ्घीयता कार्यान्वयनका सन्दर्भमा मानिसहरुले प्रश्न उठाइरहेका छन्, यो बोझिलो भयो, खर्चिलो भयो। तपाईंको विचारमा कमजोरी कहाँ भयो भन्ने लाग्छ ?**
मुख्य कमजोरी मानसिकतामा हो, अरू सहायक कुरा हो । प्रभावकारी कार्यान्वयन गर्ने कि नगर्ने भन्नेमा हिच्किचाहट छ । केन्द्रीय सरकारले आफूले प्रयोग गर्दै आएका अधिकार स्थानीय र प्रदेश तहमा जुन संविधानले विन्यास गरेको छ, त्यसलाई लागू गर्नमा अनिच्छा देखाएको छ । सोही कारण सङ्घीयता प्रभावकारी ढङ्गले कार्यान्वयन हुन सकेको छैन। प्रदेशहरू जटिल भयो अथवा बोझिलो भयो भने कुरा मिथ्या हो । हाम्रो 'सिस्टम'मा कर्मचारी संरचना करिबकरिब उस्तैउस्तै छ । धेरै ठूलो त्यसमा फेरबदल आएको छैन। प्रदेश सभाका सदस्य र मन्त्रीको निश्चित संख्याले राज्यलाई थोरै आर्थिक भार त हुन्छ। सन्तुलित विकासको लागि र जनताको सहभागितामूलक लोकतन्त्रको लागि त्यो जरुरी छ र त्यसलाई पनि सुदृढ गर्न सकिन्छ।

प्रदेशमा हुने मन्त्रिपषिद्को संख्या संविधानमा यकिन गर्न सकिन्छ। सङ्घ र प्रदेश दुवैमा सांसदको संख्या घटाउन सकिन्छ । खर्च घटाउने विविध उपायहरु छन्। सङ्घमा पनि विगतमा २०५ जनाको संसद्ले चलेको थियो। अहिले २७५ जनाको छ, त्यसलाई घटाउन सकिन्छ । प्रशासनिक सुधार आयोगले ११ देखि १५ मन्त्रालय सिफारिस गरेको थियो । अहिले फेरि १८ वटा अभ्यासमा आएको छ । त्यसलाई घटाउन सकिन्छ । अधिकार बाँडफाँट गरिसकेपछि सबै सरकार आफ्नो कार्यक्षेत्रभित्र रहेर काम गर्दा कर्मचारी संख्या पनि घटाउन सकिन्छ। तीनवटै तहमा राजनीतिक पदाधिकारीको संख्या घटाउन सकिन्छ । जिल्ला समन्वय समितिलाई घटाउन सकिन्छ । प्रदेशलाई मात्रै प्रहार गरेर सङ्घीय राज्यमा केही पनि प्राप्त हुँदैन। प्रदेशबिना सङ्घीयता पूर्ण हुँदैन । त्यो देश त एकात्मकता भइहाल्यो । त्यसकारणले हामी गलत बहस गरिराख्या छौँ । अहिलेको सूचना प्रविधिको अधिकतम प्रयोग गरेर जाने हो भने यो चालु खर्चलाई एकैचोटी ५० प्रतिशतमा झार्न सकिन्छ।

**गणतन्त्र घोषणा भएको यो अवस्थासम्म आइपुग्दासम्म महत्वपूर्ण राजनीतिक, सामाजिक र आर्थिक उपलब्धि भएका छन् तर नागरिक तहमा असन्तुष्टि देखियो र गत भदौमा युवा विद्रोह पनि भयो । युवा पुस्ताले आफ्नो माग कहीँ कतै सम्बोधन नभएको जस्तो ठान्यो । यो अवस्थामा अब कसरी अगाडि बढ्नुपर्छ ?**
नागरिकमा व्यापक असन्तुष्टि पैदा हुनुको पहिलो कारण राजनीतिक अस्थिरता हो । छोटो समयमा सरकार परिवर्तन भइरहँदा असन्तुष्टि बढ्यो । दोस्रो, देशमा मौलाएको विकृति, विसङ्गति र बढ्दो भ्रष्टाचार हो। तेस्रो, सेवा प्रवाहमा भएको बेथिति हो । यी कारणले देशमा व्यवसाय गर्नेलाई पनि राम्रो वातावरणको अनुभूति भएन, रोजगार गर्नेहरूलाई पनि सन्तुष्टि प्राप्त भएन । सेवाग्राहीलाई सन्तुष्टि भएन । शिक्षा, स्वास्थ्यमा पनि त्यस्तै भयो । निःशुल्क रूपमा प्राप्त गर्नुपर्ने सेवामा पनि 'भनसुन' गर्नुपर्ने, पहुँच चाहिने खालको जुन अवस्था देशमा विद्यमान रह्यो, त्यसले वितृष्णा पैदा भयो।

अब यति कुराहरूलाई सुधारेर हामी गयौँ भने नागरिकमा सन्तुष्टिको प्रत्याभूति दिन सकिन्छ। त्यसका लागि राजनीतिक स्थायित्व र सुशासन कायम राख्नुपर्छ । उद्योगधन्दा कलकारखानाको विकास गरेर रोजगारी सिर्जना गर्नुपर्छ । सेवा प्रवाहमा चुस्तता कायम गरेर झन्झटिलो प्रणालीलाई अन्त्य गर्दै अहिलेको सूचना प्रविधिको अधिकतम् प्रयोग गर्नुपर्छ । 'डिजिटलाइजेसन'मा प्रवेश गर्‍यौँ भने एकैचोटी असन्तुष्टिको युगबाट जनताले सन्तुष्टि प्राप्त गर्ने अवस्थामा प्रवेश गर्न सकिन्छ । अबको हाम्रो कार्यभार त्यही नै हो । आर्थिक समृद्धि हासिल, नागरिकलाई सेवा सुविधा र जीवनस्तर परिवर्तनलाई राष्ट्रिय चासोको विषय बनाउनुपर्छ।

**गणतन्त्र स्थापनाका लागि शहादत प्राप्त गरेका, घाइते भएका, बेपत्ता भएका र यो वा त्यो रूपमा योगदान गर्ने आम समुदायलाई तपाईं आज कसरी स्मरण गर्नुहुन्छ ?**
गणतन्त्र प्राप्तिको लागि आफ्नो जीवन आहुति दिने सम्पूर्ण ज्ञात÷अज्ञात शहीदप्रति म सम्मान व्यक्त गर्न चाहन्छु र उहाँहरूप्रति श्रद्धाञ्जलि व्यक्त गर्न चाहन्छु। यो यात्रामा आफू घाइते भई अपाङ्गता हुनुभएका योद्धाहरु, शहीद परिवारप्रति म उच्च सम्मान व्यक्त गर्दछु । यो आन्दोलनमा आफ्नो पसिना बगाउने, जेल नेलको कष्टप्रद यात्रा गर्ने नेपाली नागरिकप्रति मेरो सम्मान छ। उहाँहरूको यो ऐतिहासिक योगदानलाई पनि म सम्मान गर्न चाहन्छु। जुन उद्देश्यका लागि लडेका थियौँ, हामी निरन्तर रूपमा त्यसमा प्रतिबद्ध भएर लागेका छौँ। त्यो लक्ष्य पूरा गर्न आफ्नो लक्ष्यबाट विचलित नभई निरन्तर रूपमा राष्ट्र सेवामा लाग्ने प्रतिबद्धता पनि म व्यक्त गर्न चाहन्छु।

**मुलुकलाई थप समृद्ध बनाउन आजको युवा पुस्तालाई आह्वान गर्नुहुन्छ ?**
हरेक सङ्घर्षका सकारात्मक र नकारात्मक पक्ष हुन्छन् । हाम्रो राजनीतिक व्यवस्था हिजो कस्तो थियो ? २०५२ सालभन्दा अगाडिको नेपालको अवस्था के थियो ? किन त्यो बेलामा त्यस्तो सङ्घर्ष गर्नुपर्‍यो होला भन्ने कुराको इतिहासको खोज गरेर अध्ययन गर्नको लागि म आह्वान गर्न चाहन्छु। इतिहासबिना वर्तमान हुँदैन, आज हामीले प्राप्त गरेको अधिकार विगतमा कसैले सङ्घर्ष नगरिदिएको भए आजको परिवर्तन सम्भव थिएन। आजका कमीकमजोरी मात्रै नहेरेर इतिहासमा भएका सङ्घर्षका कारण र त्यसबाट प्राप्त भएका उपलब्धिलाई रक्षा गर्नुपर्छ। त्यसको पछाडिको कारण र पृष्ठभूमि तथा इतिहासको अध्ययन गर्न म सबै नवयुवा साथीलाई अनुरोध गर्न चाहन्छु । इतिहासको सही मूल्याङ्कन गरिएन भने पछुताउनुपर्ने समय पनि आउन सक्छ । हामीले इतिहासका योगदानहरूको वस्तुपरक मूल्याङ्कन गर्नुपर्छ।

# सेवा विस्तार गर्दै कोशी अस्पताल




**विराटनगर।**
कोशी अस्पतालले सेवा सुधार र विस्तारमा फड्को मारेको छ । बिरामीको चाप र आवश्यकतालाई ध्यान दिएर अस्पतालले आफ्नै ब्लड बैङ्क र चस्मा पसल एकैसाथ सञ्चालनमा ल्याएको छ । अस्पतालमा दैनिक रूपमा रगतको अभावका कारण बिरामी र तिनका आफन्तले सास्ती खेपिरहेकै बेला अस्पतालले आफ्नै संरचनामा ब्लड बैङ्क स्थापना गरेको हो। अस्पतालले गत पुस महिनामा टेन्डर आह्वान गरी आवश्यक पूर्वाधार निर्माण र उपकरण जडानको प्रक्रिया सुरु गरेको थियो।

दुवै सेवाको उद्घाटन अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट (मेसु) डा. रामनारायण चौधरीले गरेका हुन्। २४ लाखको लागतमा स्थापित ब्लड बैंकले रगत अभावको सास्ती हटाउन सहयोग गर्ने भएको छ। अस्पतालका प्रशासन प्रमुख त्रिलोचन न्यौपानेका अनुसार अब अस्पतालमै रगत संकलन, परीक्षण र भण्डारणको प्रक्रिया छिटो हुने भएकाले आकस्मिक सेवामा सुधार आउनेछ।

अहिलेसम्म हामी बाह्य निकाय (रेडक्रस)मा निर्भर थियौँ, जसका कारण कतिपय अवस्थामा रगत अभाव हुन्थ्यो,प्रशासन प्रमुख न्यौपानेले भने,अब अस्पतालमै ब्लड बैंक सञ्चालनमा ल्याएका छौँ, बिरामीले छिटो र सहज रूपमा सेवा पाउनेछन्। ब्लड बैंक उद्घाटन लगत्तै अस्पताल परिसरमा विशेष रक्तदान कार्यक्रम आयोजना गरिएको थियो। उक्त कार्यक्रममा अस्पतालका चिकित्सक, नर्स तथा प्रशासनिक कर्मचारीसहित ४५ जनाले रक्तदान गरेको प्रमुख न्यौपानेले जानकारी दिए। आफ्नै ब्लड बैंक सञ्चालनमा आएको खुसियालीमा कर्मचारीले उत्साहपूर्वक रक्तदान गरेका हुन्।

विशेषगरी प्रसूति र शल्यक्रिया (सर्जरी) विभागमा रगतको अत्यधिक माग हुने गर्दछ । स्त्री तथा प्रसूति रोग विभागकी प्रमुख डा अन्जु देवले प्रसूति सेवा अत्यन्तै संवेदनशील हुने भन्दै अस्पतालकै ब्लड बैंक भएपछि गरिब तथा विपन्न बिरामीले रगत खोज्न बाहिर धाउनुपर्ने बाध्यताबाट मुक्ति पाउने बताए। प्रादेशिक रक्तसञ्चार सेवाका अनुसार कोशी प्रदेशमा दैनिक ९०० देखि १००० युनिटसम्म रगतको माग हुने गरेको छ, तर पछिल्लो समय राजनीतिक गतिविधिले गर्दा रक्तदान कार्यक्रम ओझेलमा पर्दा रगतको चरम अभाव देखिँदै आएको थियो।

**आँखाका बिरामीलाई राहत**
ब्लड बैंकसँगै अस्पतालले आँखा विभागमा बढ्दो सेवाग्राहीको चापलाई ध्यानमा राख्दै आफ्नै परिसरभित्र चस्मा पसल पनि सञ्चालनमा ल्याएको छ। यसअघि अस्पतालमा चस्मा उपलब्ध नहुँदा बिरामी बाहिरका निजी पसलमा जान बाध्य थिए, जसले गर्दा उनीहरूको समय र खर्च दुवै बढी लाग्ने गरेको थियो। अस्पतालका मेसु डा चौधरीले आँखा विभागमा आउने बिरामीको संख्या बढ्दै गएको र उनीहरूको सहजताका लागि यो कदम चालिएको बताए।

हालसम्म अस्पतालभित्र चस्मा उपलब्ध नभएकाले बिरामीलाई बाहिर पठाउनुपर्ने बाध्यता थियो, अब त्यो अवस्था सधैँका लागि अन्त्य भएको छ, मेसु डा चौधरीले भने । अस्पतालका अनुसार स्वास्थ्य बीमा गरेका बिरामीले बीमाअन्तर्गत १,००० रूपैयाँसम्मको चस्मा निःशुल्क प्राप्त गर्न सक्नेछन् भने बीमा नभएका सेवाग्राहीले पनि सहुलियत दरमा चस्मा खरिद गर्न पाउनेछन्।

हाल सो अस्पतालको आँखा विभागमा दैनिक औसत ४० जना बिरामीले ओपिडी सेवा लिइरहेका छन्। विभागले चस्मा जाँच, 'बी–स्क्यान', 'भिजुअल फिल्ड' तथा आँखाको चाप नाप्ने र मोतियाविन्दुको शल्यक्रिया सेवा दिँदै आएको छ । यद्यपि, विभागमा अप्टोमेट्रिस्ट, अप्टिकल फिटर र तालिमप्राप्त नर्सजस्ता प्राविधिक जनशक्तिको भने केही अभाव रहेको चिकित्सक बताउँछन् । यो अस्पताल कोशी प्रदेशकै सबैभन्दा ठूलो र पुरानो सरकारी अस्पताल हो।

आगामी दिनमा अस्पतालले मधुमेह र उच्च रक्तचापका कारण देखिने आँखाका समस्याको उपचारमा ध्यान केन्द्रित गर्दै विशेषज्ञ सेवा विस्तार गर्ने योजना बनाएको छ। एकै ठाउँबाट रगत, परीक्षण, उपचार र चस्मा उपलब्ध हुने भएपछि टाढा–टाढा र छिमेकी भारतीय सहरबाट आउने बिरामीलाई राहत मिल्ने विश्वास गरिएको छ। रासस

# मिटरब्याज पीडितद्वारा जिल्ला...

महतोले मिथिला कमाण्ड र भोजपुरा कमाण्डको संयुक्त नेतृत्वमा जेठ १९ गतेदेखि दुईदिने शान्तिपूर्ण घेराउ कार्यक्रम सञ्चालन गरिने जानकारी दिएका हुन्।

बिहीबार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा बोल्दै महतोले लामो समयदेखि न्यायको माग गर्दै आए पनि सरकारले समस्या समाधानका लागि ठोस पहल नगरेकाले आन्दोलनलाई थप सशक्त बनाउन बाध्य भएको बताए। उनले आवश्यक परे सडकसमेत घेराउ गरिने चेतावनी दिए । महतोका अनुसार विभिन्न समयमा गृहमन्त्री परिवर्तन भए पनि मिटरब्याज पीडितको समस्या समाधान हुन नसकेको भन्दै केही दिनअघि जिल्ला प्रशासन कार्यालय धनुषा अगाडि पनि शान्तिपूर्ण धर्ना कार्यक्रम गरिएको थियो।

उनले प्रदेशभरबाट करिब ८ देखि १० हजारसम्म पीडित घेराउ कार्यक्रममा सहभागी हुने दाबी गरे।

पत्रकार सम्मेलनमा संघर्ष समितिका केन्द्रीय सदस्य तथा पीडित सर्वनारायण रायले अदालतबाट पीडितभन्दा साहु पक्षलाई बढी संरक्षण हुने गरेको आरोप लगाए । उनले मिटरब्याज पीडितहरूले निष्पक्ष न्याय नपाएको भन्दै आन्दोलनलाई अझ सशक्त बनाइने बताए।

# मानवताले जित्यो पीडा.........................

अफ वीरगंजको सहयोगमा निःशुल्क कृत्रिम खुट्टा जडान गरिएपछि उनी पुनः सामान्य जीवनतर्फ फर्किने अवसर पाएका छन् । उपाध्यायले कृत्रिम खुट्टा पाएपछि आफूले हराएको आत्मविश्वास र जीवनप्रतिको आशा पुनः प्राप्त गरेको प्रतिक्रिया दिएका छन् । तीन वर्षसम्म शारीरिक अपाङ्गताका कारण भोग्नुपरेको कठिनाइ अब क्रमशः कम हुँदै जाने विश्वास उनले व्यक्त गरेका छन् । रोटरी क्लब अफ गोगँबुले विशेष योजना बनाएर पहाडी जिल्लाका विभिन्न स्थानबाट हातखुट्टा गुमाएका १७ जना व्यक्तिलाई वीरगंज ल्याई निःशुल्क कृत्रिम हातखुट्टा उपलब्ध गराएको छ । क्लबका अध्यक्ष राजाराम फुँयालका अनुसार आर्थिक अभावका कारण उपचार तथा कृत्रिम अङ्ग जडान गर्न नसकेका व्यक्तिहरूलाई लक्षित गर्दै यो अभियान सञ्चालन गरिएको हो।

उनले रोटरी क्लब अफ वीरगंजले विगत पाँच वर्षदेखि निरन्तर रूपमा गरिब, असहाय तथा विपन्न व्यक्तिहरूलाई निःशुल्क कृत्रिम हातखुट्टा प्रदान गर्दै आएको बताए। सोही अभियानअन्तर्गत यसपटक पहाडी जिल्लाका १७ जना लाभग्राहीलाई वीरगंज ल्याएर कृत्रिम अङ्ग जडान गरिएको उनले जानकारी दिए।

अध्यक्ष फुँयालले रोटरी क्लब मानव सेवाप्रति समर्पित संस्था भएको उल्लेख गर्दै अपाङ्गता भएका व्यक्तिहरूको जीवनलाई सहज र सम्मानजनक बनाउन क्लबले निरन्तर काम गरिरहेको बताए। उनले आगामी दिनमा पनि यस्ता मानवीय अभियानलाई थप विस्तार गर्दै लैजाने प्रतिबद्धता व्यक्त गरे । रोटरी क्लब अफ वीरगंजका सदस्य तथा संरक्षक डा. सास्वत प्रसादका अनुसार क्लबले हालसम्म एक हजारभन्दा बढी हातखुट्टा गुमाएका व्यक्तिलाई निःशुल्क कृत्रिम अङ्ग प्रदान गरिसकेको छ । उनले वीरगंजबाट सुरु गरिएको यो सेवा पर्सा, बारा, रौतहट, सर्लाही, जनकपुरलगायतका जिल्लामा मात्र सीमित नभई भारतका सीमावर्ती क्षेत्रसम्म पुगेको बताए।

उनका अनुसार दुर्घटना, रोग वा अन्य कारणले हातखुट्टा गुमाएका व्यक्तिहरूका लागि कृत्रिम अङ्ग केवल शारीरिक सहारा मात्र नभई आत्मनिर्भर जीवनतर्फ फर्किने माध्यम पनि बनेको छ । त्यसैले आर्थिक रूपमा कमजोर वर्गलाई लक्षित गर्दै यो सेवा निरन्तर सञ्चालन भइरहेको उनले बताए।

यस अभियानलाई सफल बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेका रोटरी क्लब अफ गोगँबुका पूर्वअध्यक्ष महेश्वरमान सिंह बस्नेतले यस्ता व्यक्तिहरूको अनुहारमा खुसी देख्न पाउनु नै सबैभन्दा ठूलो सन्तुष्टि भएको बताए । उनले पाँच दिनसम्म वीरगंजमा बसेर लाभग्राहीहरूको व्यवस्थापन तथा कृत्रिम अङ्ग जडान प्रक्रियामा प्रत्यक्ष रूपमा सहयोग गरेका थिए।

बस्नेतले मानव सेवाभन्दा ठूलो धर्म अरू केही नभएको उल्लेख गर्दै अपाङ्गता भएका व्यक्तिहरूलाई पुनः आत्मविश्वासका साथ जीवनयापन गर्न सक्षम बनाउने कार्यमा सहयोग गर्न पाउँदा गर्व महसुस भएको बताए । रोटरी क्लबद्वारा सञ्चालित यस अभियानले शारीरिक रूपमा अशक्त बनेका व्यक्तिहरूलाई केवल कृत्रिम अङ्ग मात्र प्रदान गरेको छैन, उनीहरूको जीवनमा नयाँ आशा, आत्मविश्वास र भविष्यप्रतिको भरोसा पनि जगाएको छ। कृष्णप्रसाद र अनिल उपाध्यायजस्ता लाभग्राहीहरूको अनुहारमा देखिएको मुस्कानले यस्ता मानवीय अभियानको महत्वलाई अझ प्रष्ट रूपमा उजागर गरेको छ।

# विद्यालय सामुदायिक प्रहरी साझेदारी र लैङ्गिक सेवा प्रदायकहरू अन्तरक्रिया



**जनकपुरधाम।**
दिव्य विकास स्रोत केन्द्रको आयोजनामा गुनासो सुनवाई संयन्त्र सुदृढीकरण तथा विद्यालयसँग सम्बन्धित लैङ्गिक हिंसाका सवालमा विद्यालय, सामुदायिक प्रहरी साझेदारी र लैङ्गिक सेवा प्रदायकहरू बीच अन्तरक्रियात्मक संवाद कार्यक्रम जनकपुरधाम–१३ स्थित पिडारीमा रहेको श्री राजर्षी जनक माध्यमिक विद्यालयमा सम्पन्न भएको छ।
बेलायत सरकारको आर्थिक सहयोग तथा पिपल इन नीड नेपालको साझेदारीमा दिव्य विकास स्रोत केन्द्र (डिडिआरसी) ले सञ्चालन गरिरहेको 'सुरक्षा तथा न्याय कार्यक्रम' अन्तर्गत उक्त कार्यक्रम आयोजना गरिएको हो।
कार्यक्रम जनकपुरधाम उपमहानगरपालिकामा सञ्चालन भइरहेको सुरक्षा तथा न्याय कार्यक्रमअन्तर्गत विद्यालयसँग सम्बन्धित लैङ्गिक हिंसाको रोकथाम तथा प्रतिकार्यलाई प्रभावकारी बनाउने उद्देश्यले गरिएको आयोजकले जनाएको छ। कार्यक्रम श्री राजर्षी जनक मा.वि.का प्रधानाध्यापक बिनोद कुमार साहको अध्यक्षतामा सम्पन्न भएको थियो।
कार्यक्रमबारे प्रकाश पार्दै दिव्य विकास स्रोत केन्द्र (डिडिआरसी) का संयोजक जागेश्वर यादवले विद्यालय तहमा हुने लैङ्गिक हिंसाका घटनाहरू धेरैजसो लुकाइने भएकाले गुनासो सुनवाई संयन्त्रलाई प्रभावकारी बनाउनु अत्यन्त आवश्यक रहेको बताए।
उनले विद्यार्थी, शिक्षक, अभिभावक तथा समुदायका व्यक्तिहरूलाई हिंसाका घटना भएमा खुलेर उजुरी दिन सक्ने वातावरण निर्माण गर्नुपर्नेमा जोड दिए। उनले सुरक्षा तथा न्याय कार्यक्रममार्फत जनकपुरधाम उपमहानगरपालिकाभित्र लैङ्गिक हिंसाको रोकथाम तथा प्रतिकार्यका लागि विभिन्न सचेतनामूलक कार्यक्रम, अभिमुखीकरण तथा समन्वयात्मक गतिविधिहरू सञ्चालन भइरहेको जानकारी दिए। विद्यालयस्तरमै सचेतना अभिवृद्धि गर्न सके हिंसाका घटनामा कमी ल्याउन सकिने उनको भनाइ थियो।
अध्यक्षीय मन्तव्य राख्दै प्रधानाध्यापक बिनोद साहले विद्यालय केवल पढाइ हुने स्थान मात्र नभई विद्यार्थीहरूको व्यक्तित्व विकास र सुरक्षासँग प्रत्यक्ष जोडिएको संस्था भएकाले विद्यालयभित्र हुने कुनै पनि प्रकारको हिंसा तथा दुर्व्यवहारप्रति सबै पक्ष संवेदनशील हुनुपर्ने बताए। उनले विद्यार्थीहरूलाई सुरक्षित र हिंसामुक्त वातावरण उपलब्ध गराउन विद्यालय प्रशासन प्रतिबद्ध रहेको उल्लेख गरे।
त्यसैगरी, राजर्षी जनक विश्वविद्यालयका सहायक प्राध्यापक अशोक साहले विद्यालयमा हुने लैङ्गिक हिंसा, त्यसको प्रभाव तथा न्यूनीकरणका उपाय सम्बन्धी प्रस्तुतिकरण दिएका थिए।
उनले विद्यालय, अभिभावक, प्रहरी र सेवा प्रदायक संस्थाबीच समन्वय र सहकार्य आवश्यक रहेको बताए। साथै विद्यालय क्षेत्रमा हुने मानसिक, शारीरिक तथा मौखिक हिंसाले विद्यार्थीको आत्मविश्वास, अध्ययन र भविष्यमा नकारात्मक असर पार्ने बताए।
संवाद कार्यक्रममा वडा प्रहरी कार्यालय मुजेलियाका वरिष्ठ सइले विद्यालय तहमा हुने कुनै पनि लैगिंक हिसाका घटनाका विषयमा गुनासो गर्न सुझाव दिएका थिए भने सामुदायिक प्रहरीको भुमिका विषयमा सहजिकरण समेत गरेका थिए।
कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर–१३ की सदस्य गीता कुमारी साह, माइती नेपाल धनुषाका पुरुषोत्तम यादव, ग्रीन स्पेस नेपालका धीरज शाह, अमित झा लगायत विद्यार्थी, अभिभावक, शिक्षक–शिक्षिका, सञ्चारकर्मी, संघसंस्थाका प्रतिनिधि तथा अन्य सरोकारवालाहरूको सहभागिता रहेको थियो। सहभागीहरूले विद्यालयलाई लैङ्गिक हिंसामुक्त, सुरक्षित र समावेशी शिक्षण केन्द्रका रूपमा विकास गर्न सबै पक्षले साझा जिम्मेवारी वहन गर्नुपर्ने बताएका छन्।

# नारायणी अस्पताल प्रदेश सरकारलाई हस्तान्तरण गर्ने कुनै निर्णय भएको छैनः सांसद कानु

**मधेशदृष्टि**
**वीरगंज।**
पर्सा क्षेत्र नम्बर २ का सांसद सुशिल साह कानुले नारायणी अस्पताललाई मधेश प्रदेश सरकारलाई हस्तान्तरण गर्ने कुनै निर्णय नभएको स्पष्ट पारेका छन्। उनले आम नागरिकलाई भ्रमपूर्ण समाचार र हल्लाको पछि नलाग्न आग्रह गरेका छन्।
बिहीबार सामाजिक सञ्जाल फेसबुकमार्फत आफ्नो धारणा सार्वजनिक गर्दै सांसद कानुले नारायणी अस्पतालको सञ्चालन संघीय सरकारकै मातहतमा रहने व्यवस्था कायम रहेको सम्बन्धित निकायले स्पष्ट पारेको जानकारी दिएका हुन्। हाल केही सञ्चार माध्यम तथा सामाजिक



सञ्जालमा अस्पताल हस्तान्तरणसम्बन्धी विभिन्न समाचार र चर्चा भइरहेका बेला उनले ती सूचनाप्रति सचेत रहन आग्रह गरेका छन्। स्वास्थ्यजस्तो संवेदनशील विषयमा आधिकारिक निकायबाट जारी हुने सूचनालाई मात्र विश्वास गर्नुपर्ने उनको भनाइ छ। सांसद कानुले जिल्लावासीलाई सामाजिक सञ्जालमा फैलिने अफवाह र गलत सूचनाबाट सतर्क रहन तथा आधिकारिक जानकारीलाई मात्र आधार मान्न अनुरोध गरेका छन्।
सङ्घीय सरकारले पुनर्संरचना तथा खर्च कटौतीको नीतिअन्तर्गत वीरगञ्जस्थित नारायणी अस्पताललाई मधेस प्रदेश सरकार मातहतमा हस्तान्तरण गर्ने निर्णय गरेको भन्ने समाचार यस अघि सामाजिक सञ्जाल तथा अनलाईन न्युज पोर्टलहरूमा आएको थियो।

# छात्रवृत्तिमा अध्ययन गर्न इच्छुक विद्यार्थीहरुको लागि आवेदन खुल्ला





**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकाले शैक्षिक सत्र २०८३/०८४ का लागि संस्थागत विद्यालयमा कक्षा ९ र ११ मा छात्रवृत्तिमा अध्ययन गर्न इच्छुक विद्यार्थीहरूका लागि आवेदन खुला गरेको छ।
आर्थिक रूपमा कमजोर तथा जेहेन्दार विद्यार्थीलाई शिक्षामा पहुँच विस्तार गर्ने उद्देश्यले महानगरले हरेक वर्ष सञ्चालन गर्दै आएको छात्रवृत्ति कार्यक्रम अन्तर्गत यस वर्ष पनि आवेदन आह्वान गरिएको हो। महानगरपालिकाका अनुसार छात्रवृत्ति प्राप्त गर्न इच्छुक विद्यार्थीहरूले अनलाइनमार्फत आवेदन दिन सक्नेछन्।
आवेदन दिएका विद्यार्थीहरूको लिखित परीक्षा सञ्चालन गरी योग्यताका आधारमा छात्रवृत्ति प्रदान गरिने महानगरको शैक्षिक प्रशासन महाशाखा प्रमुख आनन्द लामिछानेले जानकारी दिनुभयो। कक्षा ९ का लागि २०८२ सालको नगरस्तरीय कक्षा ८ को परीक्षामा सहभागी भई ग्रेडेड भएका विद्यार्थी तथा कक्षा ११ का लागि २०८२ सालको एसईई परीक्षामा सहभागी भई ग्रेडेड भएका विद्यार्थीहरूले आवेदन दिन सक्नेछन्। महानगरपालिकाले जारी गरेको सूचनाअनुसार अनलाइन आवेदन फाराम जेठ २७ गतेसम्म भर्न सकिनेछ।

# ईद पर्व धुमधामका साथ मनाइयो



**मधेशदृष्टि**
**वीरगंज।**
मुस्लिम धर्मावलम्बीको दोस्रो महान् पर्व बकर इद (इदुल जोहा) बिहीबार देशभरका मस्जिदमा मनाइएको छ। यस अवसरमा सरकारले बिहीबार सार्वजनिक बिदा दिएको छ। इदुल फित्रअर्थात् रमजान पर्वको ७०औँ दिनमा बकर इद मनाउने धार्मिक विधि छ।
मुस्लिम धर्मावलम्बीले आज मस्जिद वा इदगाहमा गई सामूहिक नमाज पढ्छन्। नमाज पढिसकेपछि एकापसमा शुभकामना आदानप्रदान गर्ने चलन छ। यस अवसरमा वीरगञ्जको मुर्ली, छपकैया, लाठगल्लीसहित काठमण्डौ दरबारमार्गस्थित नेपाली जामे मस्जिद, काश्मिरी मस्जिदलगायत देशभरका मस्जिद र इदगाहमा मुस्लिम धर्मावलम्बीको भीड लागेको छ।
हिजरी संवत् अनुसार १४३९ वर्ष पहिले अल्लाहको आदेशमा इब्राहिमले आफ्ना छोरा इस्माएल अलेह सलामलाई बलिदान गर्न तयार भएको सम्झनामा यो पर्व मनाउन थालिएको हो। पहिलो दिनको बकर इद मनाइँदै छ। मुस्लिम धर्मावलम्बीले बुधबारसम्म तीन दिन यो पर्व मनाउने जनाइएको छ। यो पर्व मनाउने तीनै दिन कुर्बानी गर्नुपर्ने धार्मिक विधि रहेको छ।

# मासिँदै सनपाट



**महोत्तरी।**
केही दशक पहिलेसम्म महोत्तरीका बस्ती बस्तीका किसान सनपाट खेतीमा लाग्ने गरेका थिए। अचेल भने यहाँका फाँटमा न सनपाट देखिन्छ, न त यो खेती गर्नेमा युवा पुस्ताको आकर्षण छ। किसानका गोठमा पशु वस्तु घट्दै गएसँगै सनपाटको खेती पनि मासिँदै गएको जानकारहरू बताउँछन्।
विगतमा पशु वस्तु बाँध्न, डुलाउन मात्र होइन, कैयौँ काममा प्रयोग हुने डोरीको प्रयोग हुने गरेको थियो। एकातिर पशु वस्तु पाल्न छोडिएको र अर्कोतिर प्लास्टिकका बनिबनाउ डोरी सजिलै पाउने भएकाले सनपाट खेतीतर्फ किसानको सरकार घट्दै गएको हो।
मेरै गोठमा जहिले पनि दुई हल गोरु, दुई वटा भैंसी र एउटा गाई हुन्थ्यो, दुई दशक पहिलेको आफ्नो गुहाली (गोठ) सम्झँदै बर्दिबास–९ पशुपतिनगरका ७० वर्षीय किसान कारी महतो भन्छन्, "यिनै वस्तुसँग जोडेर बर्सेनि केही जग्गामा सनपाट लगाइन्थ्यो, अब न गोठमा वस्तु छन्, न पाटखेती नै गरिन्छ।"
उनी मात्रै होइन, यताका सबैजसो किसानका गोठमा जग्गाको अनुपातमा गोरु पालिन्थे, दूधका लागि घरघरै गाईभैँसी हुन्थे। किसानहरूले ती पशु वस्तु बाँध्न डोरी, दाम्ला बनाउन आफैँ सनपाट खेती गर्थे। पुरानो पुस्ताको अवसानसँगै त्यो प्रचलन हराएको छ। नयाँ पुस्ता पढाइ र कामका लागि बिदेसिने क्रम बढेपछि वस्तु पालन र पाटखेती हराएको महतोकै छिमेकी सूर्यदेव सिंह बताउँछन्।
यहाँको भङ्गाहा–६ हतिसर्वाको मजरा बस्तीका ६० वर्षीय सुरेश बाँतरका अनुसार पशुवस्तुका दाम्ला बनाउन मात्र नभई घरायसी प्रयोजनका लागि विगतमा पनि डोरी र मोटो रस्सी बाट्न पनि सनपाटको सूत्री चाहिन्थ्यो। दाम्लो, डोरी र मोटो रस्सा बनाउन मात्र नभई प्राङ्गारिक मलका लागि पनि सनपाट खेती गर्ने चलन रहेको उनको भनाइ छ।
सनपाटका जरामा हुने साना गिर्खा (गाँठा) मा माटोलाई चाहिने उर्वर शक्ति नाइट्रोजन हुन्छ, अनि डाँठ र पातबाट कम्पोस्ट मल बन्छ" नेपाल सरकारको कृषि सेवाको सहसचिवबाट अवकाश प्राप्त भङ्गाहा–५ सीतापुरका ७५ वर्षीय कृषिविज्ञ रामबहादुर भुजेल भन्छन्, मधेसमा मलका लागि लगाइएको सनपाट खेतमा धान रोप्न, खेत हिल्याउँदा जोतेर केही दिन छाडिने चलन छ। हिलो पानीले सनपाट गलेपछि फेरि दाँदे लगाएर धान रोपिन्छ।
सनपाटको यस्तो मल धानखेतीका लागि निकै उर्वर हुँदा विगतमा किसानको रोजाइमा पर्ने गरेको भुजेलको भनाइ छ। उनले कृषि कार्यालयहरूले किसानलाई मलका लागि यो खेती गर्न कार्यक्रम नै बनाएर अभिप्रेरित गर्ने गरेको पनि स्मरण गरे।
सनपाट दाम्ला, डोरी र रस्साका लागि खेती गरिँदा यो छिप्पिएपछि काटेर मुठा बनाइ गहिरो पानीमा डुबाउन पर्छ। त्यसरी केही दिन पानीमा डुबाइएको सनपाटको डाँठबाट रेसा अलग्गिन थालेपछि त्यसलाई धोइपखाली घर ल्याएर सुकाएपछि पाट तयार हुन्छ। यसरी तयार भएको पाट सूत्री कातेर दाम्ला, डोरी र रस्सा बनाउनसँगै उब्रेको पाट बजारमा बेचेर किसान घरखर्चको जोहोसमेत मिलाउने गरेका गौशाला–१० लक्ष्मीनियाँका ७५ वर्षीय किसान लक्ष्मी महतोको सम्झना ताजै छ।
'पहिले पो जोत्न गोरु चाहिन्थ्यो र घरघरै जसको जति खेत छ, त्यसअनुसार गोरु पाल्थे, अब सबै ट्रेक्टरबाटै जोत्छन्, उनी भन्छन्, गोरुसँगै घरघरैजसो भैँसी र कमसेकम एउटा गाई पालिन्थ्यो, अब न गोठमा वस्तु नै छन्, न यिनलाई बाँध्न चाहिने दाम्ला÷डोरीका लागिको सनपाट खेती।' व्यावसायिक रूपमा आधुनिक तवरले पशुपालन गर्ने किसान निकै कम भएका र अब बजारमा प्लास्टिकका दाम्ला, डोरी सजिलै पाइन थालेपछि सनपाटको सम्झना नै हुन छाडेको उनको भनाइ छ।
विराटनगरको जुटमिल बन्द हुनु, पशुपालन घट्दै जानु, नयाँ पुस्ताले यसबारे रुचि नदेखाउनु, पोखरी÷दहमा पानी सुक्नु र खेतीमा रासायनिक मलमा निर्भरता बढ्नुले सनपाट खेती हराएको औरही–७ भोइलका पाका किसान ७० वर्षीय मोहन महतोको बुझाइ छ।
'करिब दुई दशक अघिसम्म जिल्लाका सबैजसो भेगमा आमकिसानले धेरथोर सनपाट खेती लगाउँथे। यहाँ कुत्रुङ, कश्मिरा र पटुवा जातका सनपाटको खेतीबाट आफूलाई आवश्यक पर्ने सूत्री कातेर अरु बेचेर घरखर्चका लागि नगदको जोहो गर्थे', एकडारा गाउँपालिकाको अजमरपट्टी बस्तीका ६० वर्षीय हरिदेव मण्डलले भने, 'यो सबै हिजोझैँ लाग्दै छ। अहिलेका किशोर उमेरका नातिनातिनालाई सनपाट भनेको नै थाहै नपाउने अवस्था बनिसक्यो।'
सनपाट घरायसी प्रयोजनका डोरी, नाम्ला, दाम्ला र रस्सा एवं प्राङ्गारिक मलका लागि मात्र नभई कागज, बोरा, झोला, कपडा बुन्न उद्योगले समेत किन्ने गरेकाले विगतमा राम्रो आम्दानीको स्रोतको रूपमा थियो। यहाँबाट तयार गरिएको पाट विराटनगर जुट मिलमा जाने गरेकाले आम्दानी गर्न सहज भएको भङ्गाहा–५ धतीयाटोलका ६५ वर्षीय किसान सुपतलाल यादवको सम्झनामा छ। उनी भन्छन्, 'मल र घरायसी प्रयोजनका लागि सनपाट प्रयोग गर्थ्यौं। बढी भएपछि उद्योगलाई बेचेर कमाउँथ्यौँ।'
सनपाटको सन्ठी अत्यन्त प्रज्वलनशील हुने हुँदा गाउँघरमा आगो सल्काउनरजगाउन बचाएर राख्ने पुरानो चलनसमेत रहेको थियो। खासगरी सन्ठी दीपावलीमा 'हुक्कालोलि' खेल्न प्रयोग गर्ने मधेसको चलन छ। 'हुक्कालोलि' मिथिला संस्कृतिकै अङ्ग मानिन्छ। यस प्रयोजनका लागि सन्ठी जोगाएर राखिने गरेको विगत यहाँका पाका किसानले बताउने गरेका छन्।
सनपाट खेती गर्मी हावापानीमा हुने गर्छ। छरेको करिब ४५ दिनमा काट्न तयार हुने यो खेतीका लागि महोत्तरीको माटो र वातावरण अनुकूल भएको कृषि प्राविधिक बताउँछन्। पानीका दह घट्दै गएपछि पाटका लागि यो खेती असजिलो हुँदै गए पनि खेतबारीको मलका लागि भने किसानलाई अझै यसतर्फ उत्प्रेरित गर्न आवश्यक रहको कृषिविज्ञ राजकिशोर यादवको भनाइ छ। रासस

# घरको पर्खाल ढल्दा महिलाको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका स्थित त्रिभुवन हनुमान माध्यमिक विद्यालय नजिक निर्माणाधिन घरको पर्खाल ढल्दा एकजना महिलाको ज्यान गएको छ। बिना पिलरको पर्खाल निर्माण गरिरहेको अवस्थामा ढलेको र सो पर्खालले थिचेर कामदार महिलाको ज्यान गएको हो।
मृत्यु हुने बाराको परवानीपुर गाउँपालिका वडा नं. ४ निवासी बर्ष ३२ की सिता देवी मुसहर रहेको प्रहरीले जनाएको छ। घर धनि रेशमकोठी निवासी आकाश लोहियालाई नियन्त्रणमा लिएर प्रहरीले अनुसन्धान गरिरहेको छ। घटना विहीवार दिउँसो करिब एक बजेको समयमा भएको हो। घटना लगतै अस्पताल पु¥याइएका सिता देवीलाई चिकित्सकले मृत घोषना गरेका थिए। यसैबीच वीरगंज महानगरपालिका–१२ स्थित मुर्ली चौक नजिक आज ईभी र मोटरसाइकल एकआपसमा ठक्कर हुँदा मोटरसाइकल चालक घाइते भएका छन्। प्रहरीका अनुसार बागमती प्रदेश ०८–००१ ज ०३४५ नम्बरको ईभी र हिरो होन्डा मोटरसाइकल एकआपसमा ठोक्किँदा दुर्घटना भएको हो। दुर्घटनामा घाइते भएका मोटरसाइकल चालकलाई तत्काल उपचारका लागि नारायणी अस्पताल पठाइएको प्रहरीले जनाएको छ।

# हरिखेतान क्याम्पसको विवाद समाधानको लागि पहल



**मधेशदृष्टि**
**वीरगंज।**
पर्सा क्षेत्र नम्बर १ का सांसद बुद्धिप्रसाद पन्तले वीरगंजस्थित हरिखेतान बहुमुखी क्याम्पसमा लामो समयदेखि देखिएको असहज अवस्था समाधानका लागि पहल गरेका छन्। यसै सन्दर्भमा सांसद पन्तले बिहीबार त्रिभुवन विश्वविद्यालयका निमित्त उपकुलपति प्रा. डा. सुशीलबहादुर बज्राचार्यसँग भेट गरी छलफल गरेका हुन्।
छलफलका क्रममा उपकुलपति बज्राचार्यले क्याम्पसमा देखिएको विवादबारे छानबिन समिति गठन गरी यथाशीघ्र समाधान निकालिने जानकारी दिएको बताइएको छ। उनले विश्वविद्यालयको मूल विधानअनुसार क्याम्पस सभा तथा व्यवस्थापन समिति गठन गरेर निर्वाध रूपमा क्याम्पस सञ्चालन र पठनपाठनको वातावरण निर्माण गरिने बताएका छन्।
हरिखेतान बहुमुखी क्याम्पसमा लामो समयदेखि देखिएको विवादका कारण शैक्षिक गतिविधि प्रभावित हुँदै आएको छ। सरोकारवालाले अब समस्या समाधान भई नियमित रूपमा अध्ययन–अध्यापन सञ्चालन हुने अपेक्षा गरेका छन्।

# सर्प दंशबाट बालकको मृत्यु

**मधेशदृष्टि**
**सर्लाही।**
सर्लाहीको कौडेना गाउँपालिका–१ लक्ष्मीपुरमा सर्प दंशबाट एक बालकको मृत्यु भएको छ। बालकको मृत्यु भएपछि आफन्तहरूले चिकित्सकको लापरबाही रहेको आरोप लगाउँदै अस्पतालमा होहल्ला गरेका छन्।
जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार बुधबार साँझ लक्ष्मीपुर निवासी रवीन्द्र गिरीका तीन वर्षीय छोरा आदित्य गिरी आफ्नै घरको कौसीमा खेलिरहेका बेला सर्पले टोकेर घाइते भएका थिए। घाइते बालकलाई उपचारका लागि तत्काल प्रादेशिक अस्पताल मलंगवा लगिएको थियो।
अस्पतालमा उपचारकै क्रममा गए राति चिकित्सकले बालकलाई मृत घोषणा गरेका थिए। बालकको मृत्यु भएपछि आफन्तजन अस्पताल पुगेर चिकित्सकको लापर्बाहीका कारण मृत्यु भएको भन्दै विरोध जनाएका थिए। स्थिति नियन्त्रणमा लिनका लागि जिल्ला प्रहरी कार्यालय सर्लाहीबाट प्रहरी निरीक्षक रुपेश अधिकारीको कमान्डमा २५ जनाको प्रहरी टोली खटिएको थियो। पछि प्रहरीको सम्झाईबुझाइपछि अवस्था सामान्य बनेको थियो।

## सम्पादकीय

# मधेश सरकारको नीति तथा कार्यक्रम: कर्मकाण्ड कि रूपान्तरणको प्रस्थानविन्दु ?

जेठ १५ गते संघीय सरकारले बजेट सार्वजनिक गर्ने संवैधानिक परम्परा रहे पनि मधेश प्रदेश सरकारका लागि यो समय आफ्नो आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममार्फत प्रदेशको भविष्य कोर्ने महत्वपूर्ण अवसर हो। वर्तमान राजनीतिक अस्थिरता र सत्ता समीकरणको जोडघटाउका बीच आउन लागेको यो नीति तथा कार्यक्रमले मधेशको सुस्त आर्थिक वृद्धिदर र नागरिकका चुलिँदा अपेक्षाहरूलाई कसरी सम्बोधन गर्छ भन्ने चासो सर्वत्र छ। मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको सरकारले यसपटक विगतका त्रुटीहरूबाट पाठ सिक्दै केवल शब्दजालमा अल्झिने कि ठोस धरातलमा उभिएर परिणाममुखी योजना ल्याउने भन्ने नै मुख्य चुनौती हो।

मधेश सरकारको नीति तथा कार्यक्रम यसपटक केवल 'थन्क्याइने दस्तावेज' मात्र हुनुहुँदैन, यसले प्रदेशको १.३१ प्रतिशतको न्यून आर्थिक वृद्धिदरलाई उकास्ने स्पष्ट मार्गचित्र बोक्नुपर्छ। मधेशको मेरुदण्ड मानिने कृषिको आधुनिकीकरण, सिँचाइको भरपर्दो व्यवस्था र कृषि उपजको बजारीकरणलाई उच्च प्राथमिकतामा राख्नुपर्छ। शिक्षा र स्वास्थ्य क्षेत्रमा रहेका संरचनागत खाडलहरू पुर्नका लागि 'गौरवका आयोजना' भनिएका तर अलपत्र परेका परियोजनाहरूलाई गति दिने साहस यस कार्यक्रमले देखाउनुपर्छ। वितरणमुखी साना योजनाभन्दा उत्पादन र रोजगारी सिर्जना गर्ने ठूला र रणनीतिक योजनाहरूमा ध्यान केन्द्रित हुनु आजको आवश्यकता हो।

तर, राजनीतिक यथार्थलाई हेर्दा यसपटक पनि नीति तथा कार्यक्रम धेरै हदसम्म 'कर्मकाण्डी' नै हुने आशंका बलियो छ। सत्ता टिकाउनका लागि विभिन्न राजनीतिक दलका स्वार्थहरूलाई समेट्नुपर्ने बाध्यताले गर्दा कार्यक्रम छरपस्ट हुने र लोकप्रियताका लागि कार्यान्वयन हुन नसक्ने महत्वाकांक्षी योजनाहरू समावेश हुने सम्भावना देखिन्छ। विगतका वर्षहरूमा जस्तै 'बेटी पढाऊ, बेटी बचाऊ' जस्ता लोकप्रिय नाराहरूलाई नयाँ कलेवरमा ल्याइए पनि तिनको प्रभावकारी कार्यान्वयन र पारदर्शिताको पक्ष सधैँ ओझेलमा पर्ने गरेको छ। त्यसैले, नयाँपनभन्दा पनि पुरानै कार्यक्रमहरूको निरन्तरता र कार्यकर्ता पोस्ने टुक्रे योजनाहरूको वर्चस्व रहने देखिन्छ।विगतका वर्षहरूमा मधेश सरकारका नीति तथा कार्यक्रमहरू निकै आकर्षक सुनिए पनि कार्यान्वयनको तहमा पुग्दा ती 'कागजी बाघ' मात्र साबित भए। गौरवका आयोजनाहरूको सुस्त गति र बजेट खर्च गर्ने क्षमताको अभावले सरकारको कार्यकुशलतामाथि प्रश्न उठाइरहेको छ। यदि यसपटक पनि पुरानै शैलीमा कर्मकाण्डी पाराले कार्यक्रम ल्याइयो भने त्यसले संघीयताप्रति नै वितृष्णा जगाउन सक्छ। सुधारका लागि सरकारले नीतिगत स्पष्टता, प्रशासनिक चुस्तता र भ्रष्टाचार नियन्त्रणको बलियो प्रतिबद्धतासहितको 'एक्शन प्लान' ल्याउनुपर्छ, न कि केवल भाषणको पुलिन्दा।

निष्कर्षमा, मधेश सरकारका लागि जेठ १५ को यो घडी आत्मसमीक्षा र नयाँ संकल्पको समय हो। कर्मकाण्डको घेराबाट निस्किएर वास्तविक सुधारको बाटो रोज्नु नै मधेश र मधेशी जनताको हितमा हुनेछ। सरकारले वितरणमुखी राजनीतिबाट माथि उठेर उत्पादनमुखी अर्थतन्त्र निर्माणमा जोड दिनुपर्छ। आगामी नीति तथा कार्यक्रमले जनतामा आशाको सञ्चार गर्न सक्छ कि सक्दैन भन्ने कुरा यसले तय गर्ने प्राथमिकता र कार्यान्वयनको सुनिश्चिततामा भर पर्नेछ। भाषणमा सुनिने 'सुन्दर मधेश' लाई व्यवहारमा उतार्न अब ढिला भइसकेको छ।

# 'बन्छ मेरो देश' भन्ने आशा र विश्वास जगाउन जरुरी

*नेपालमा २०६५ जेठ १५ गते बसेको ऐतिहासिक संविधानसभाको पहिलो बैठकले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको घोषणा ग¥यो । गणतन्त्रको घोषणासँगै यस प्रणालीको कार्यान्वयन हुँदै गयो भने २०७२ असोज ३ गते संविधानसभाबाट नेपालको संविधान जारी भएपछि सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक प्रणाली संस्थागत भयो । प्रस्तुत छ, गणतन्त्र प्राप्तिको १८ वर्षका सन्दर्भमा नेकपा (एमाले) संसदीय दलका उपनेता पद्ममा अर्यालसँग राससका समाचारदाता कालिका खड्काले गरेको कुराकानीको अंश:*



पद्मा अर्याल, उपनेता, नेकपा एमाले

नेपालमा निकै ठूलो सङ्घर्ष र बलिदानीबाट गणतन्त्र स्थापना गरियो । तत्कालीन अवस्थामा गणतन्त्रको आवश्यकता किन महसुस गरिएको थियो ?

सर्वप्रथम म गणतन्त्र दिवसको अवसरमा सबैलाई शुभकामना व्यक्त गर्न चाहन्छु । लामो सङ्र्घष र बलिदानीबाट प्राप्त गरेको छ । गणतन्त्र इतिहासको आवश्यकता हो । लामो सयमदेखि नेपाली समाज विभेद, अन्याय, अवसरबाट वञ्चित भएर बस्यो । राज्यको अवसर प्राप्त गर्न नेपाली जनतालाई कठिन भयो । समान अवसर प्राप्त गर्न, समाजको विभेद उत्पीडन अन्त्य गर्न, लोकतन्त्रमा मानिसको वैयक्तिक स्वतन्त्रतासँग जोडेर, समाजको सबै खालको विभेद अन्त्य गर्न, समावेशीता र लोकतन्त्रतालाई संस्थागत गर्ने उद्देश्यका साथ मुलुकमा गणतन्त्रको आवश्यकता महसुस भयो । त्यहीअनुसार तिनै असमानताको जगबाट आन्दोलन सुरु भएर गणतन्त्र स्थापना भएको छ । गणतन्त्र कुनै सत्ताको परिर्वतन होइन, जनताको अधिकार र विकासलाई स्थापित गर्ने एउटा शासन प्रणाली हो । त्यो आज प्राप्त भएको छ ।

**निकै सङ्र्घष र बलिदानीबाट गणतन्त्र स्थापना गरियो । जुन उद्देश्यले गणतन्त्र स्थापना गरियो, जनताले चाहेअनुसार भएको पाउनुभएको छ ?**

गणतन्त्र स्थापना गर्न जनता लडेका थिए । त्यो बेलाको अवस्था र अहिलेको अवस्थामा धेरै अन्तर छ । आज मुलुकको लोकतन्त्र स्थापना भएको छ । जनताले निर्धक्क तरिकाले आफ्ना कुराहरु राख्न पाएका छन् । आफ्ना अधिकारहरु संविधानमा लेखेका छन् । सामानुपातिक सहभागिता र समावेशीताको सिद्धान्त संविधानमा प्रष्ट लेखिएको छ । त्यो कार्यान्वयनका चरणमा छ । जनताले पाएका छन् । विकास पनि भएको छ । नेपाल हरेक क्षेत्रमा अघि बढिरहेको छ । स्थानीय सरकारमार्फत गाउँगाउँमा विकास पुगेको छ । जति अपेक्षा गरिएको हो, त्यो अनुसार भएको छैन । हिजो के थियो र आज के छ हामीले तुलना गरेर हेर्ने हो भने पनि काफी अन्तर छ ।

**गणतन्त्रपछि नेपाली जनतामा छुट्टै मीठो सपना थियो । साँच्चै गणतन्त्रको महसुस जनताले गर्न पाएका छन् त ?**

जनताको अपेक्षाअनुसार सुशासन, रोजागरी र विकासले जुन गति लिनुपर्ने हो । त्यो अनुसार हुन सकेको छैन । हामीले सोचेअनुसार सुशासन हुन सकेको छैन । जनताको सुशासनको चाहना छ । त्यो दिशातर्फ अघि बढ्नुपर्ने छ । विकासको कुरा गर्दा त हिजोको विकास र आजको विकासमा हामी धेरै फड्को मारेको छौँ तर पनि जनताको अपेक्षा र चाहना यति मात्रै होइन । अझै अगाडि बढ्ने क्रम जारी छ । यतिमै चित्त बुझाउने पनि होइन । गणतन्त्रको गन्तव्य पनि यति मात्रै होइन, हाम्रो सपना सकिएको छैन । सपनाहरु धेरै बाँकी छन् । हामी नेपाली समाजलाई गन्तव्यमा पु¥याउने अभियानमा छौँ । समाजवादोन्मुख राज्य व्यवस्थाको परिकल्पना संविधान निर्माताहरुको सङ्कल्प छ । नेपाली समाजलाई विस्तारै रुपान्तरण गर्दै अघि बढ्ने हो ।

**नेपालमा सूचना प्रविधिको विकाससँगै भौतिक पूर्वाधारदेखि हरेक क्षेत्रका विकास क्रमश भइरहेको छ । तर नेपाली जनताले किन महसुस गर्न सकेनन् ?**

सूचना प्रविधिको विकास आज विश्वमै उच्च गतिमै भइरहेको छ । नेपाली समाज भर्खरै विकास हुँदै गरेको समाज हो तर अत्याधुनिक सूचना प्रविधिको पहुँच सबैमा पुगेको छ । त्यसको कसरी प्रयोग गर्ने ? त्यसको सही प्रयोग गरेको हो ? वा दुरुपयोग गरी सूचना प्रवाह गरेको हो, आमनागरिकले छुट्टयाउन सकिरहेको अवस्था छैन । नेपाली समाजमा सकारात्मक पाटो लुकाएर नकारात्मक कुरा मात्रै देखाउने काम भइरहेको छ । खाली भएन, भएन भन्ने मात्रै सन्देश प्रवाह भएको छ । यसले समाजलाई अराजक बनाउन, जवाफदेही बनाउने काम भएको छ । समाजमा अनास्था पैदा गर्ने काम भएको छ । सूचना प्रविधिको विकास जरुरी छ । अझ उन्नत खालको प्रविधि जरुरी छ । नेपालको आर्थिक, सामाजिक, सांस्कृतिक, मावनीय र भौतिक क्षेत्रको विकासमा प्रयोग गर्नुपर्छ । तर सूचना प्रविधिको गलत र अनियन्त्रित प्रयोग गर्नाले राज्य, राजनीतिक दल, राजनीतिक नेतृत्व दलप्रति पनि नागरिकको विश्वासको सङ्कट पैदा गर्ने काम भयो । राज्यप्रति जनताको विश्वास नभएपछि राज्य बन्दैन । राज्यप्रति विश्वास जगाए मात्रै नेपाली समाजको विकास हुन्छ । राज्यप्रति अस्वभाविक असन्तुष्टिको भाव पैदा गर्न खोजिएको छ । त्यसलाई चिर्दै सही तरिकाले प्रयोग गर्नुपर्ने देखिन्छ ।

**गणतन्त्र स्थापनापछि मुलुक एउटा लयमा गइरहेको अवस्थामा सुशासन नारा लगाउँदै जेन्जी आन्दोलन भयो । त्यस क्रममा ठूलो जनधनको क्षति भयो । यस्ता घटनाले गणतान्त्रिक व्यवस्थालाई थप सुदृढ गर्छ त ?**

नेपाली समाज गत भदौ २३ र २४ गतेको घटनाले अहिले पनि शिथिल अवस्थामा छ । नागरिकमा मनोवैज्ञानिक असर परेको छ । एउटा सुरक्षा व्यवस्था र अर्कोतिर यो देशमा केही पनि हुँदैन भनेर युवा जमातमा चरम निराशा पैदा भएको छ । यसले गर्दा विदेश पलायनको दर अझै बढेको छ । निजी क्षेत्र, व्यवसायीहरु त्रसित छन् । लगानी गर्ने हो तर सुरक्षाको ग्यारेन्टी छैन । नेपाली समाज पनि विक्षिप्त अवस्थामा छ । जेनजी आन्दोलनको सुशासन, विकास र रोजगारीको नारा राम्रो थियो । सबै नेपालीले चाहेको पनि त्यही हो । नारा राम्रो थियो तर त्यसको जगमा जुन खालको विध्वश भयो । त्यसले मुलुकको विकासमा धेरै पछाडि परेको छ । सामाजिक मनोविज्ञानलाई पनि धेरै असर परेको छ । यस्ता घटनाले गणतन्त्रलाई दख्खल पार्ने काम गरेको छ । देश बनाउने खरानी बनाएर होइन, सिर्जनाले हो । नेपालमा केही गरौँ भन्ने व्यावसायिक व्यक्तिलाई पनि लगानी गर्ने वातावरण दिन नसके त्यसले ठूलो नोक्सान पु¥याउँछ ।

**नेपाली जनताको ठूलो सङ्घर्ष र बलिदानबाट गणतन्त्र प्राप्त भएको हो । यसलाई थप सुदृढ बनाउन राज्य, सरकार र राजनीतिक दलले के गर्नुपर्छ ?**

राजनीतिक दलहरुले दलीय स्वार्थभन्दा राष्ट्रलाई शिरमा राख्नुपर्छ । दलीय स्वार्थभन्दा राज्यको स्वार्थ ठूलो हो भनेर हेर्नुपर्छ । राज्यको ठाउँबाट हेर्दा, जनताको चाहना सुशासन र पारदर्शीको हो । त्यो चाहना परिपूर्ति गर्ने गरी अघि बढ्नुपर्छ । भ्रष्टाचार नियन्त्रण दीर्घकालीन हिसाबले नै सरकारका कदम हुनुपर्छ । युवाहरु भनेको यो देशको भविष्य हो । युवाहरुलाई आशा नजगाएसम्म देश बन्दैन । 'बन्छ मेरो देश' भन्ने आशा, विश्वास र भावना जगाउन जरुरी छ । देशभित्र सम्भावना देखाउनुपर्छ । देशभित्र गर्न सकिन्छ, देशभित्र बाँच्न सकिन्छ भनेर आशा जगाउनुपर्छ । रोजगारीका सम्भावना देशभित्र सरकारले देखाउनुपर्छ । वर्तमान सरकारको यही जगमा बनेको छ । शिक्षा र स्वास्थ्यमा समान हक राज्यको कायम गर्नुपर्छ । संविधानको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ । नेपालको संविधानमा मौलिक हकदेखि लिएर समृद्ध नेपाल र सुखी नेपालको सङ्कल्प साकार पार्ने समाजवादोन्मुख राज्यव्यवस्था र अर्थव्यवस्थाको सबै व्यवस्था त्यही छ । संविधानमा सबै विषयहरु छन् । संविधान संशोधन गर्दा राष्ट्रिय सहमति गरेर जानुपर्ने हुन्छ । बन्नुपर्ने कानुनहरु अझै बनेका छैनन् । संविधान संशोधनको विरोधी हामी होइनौँ तर के विषयमा संविधान संशोधन हो भन्ने त प्रष्ट हुनुप¥यो । गणतान्त्रिक व्यवस्थामा जनताले अनुभूत गर्ने गरी लोकतान्त्रिक सरकार र राजनीतिक उत्तरदायित्व हुन आवश्यक छ ।

**अन्त्यमा, गणतन्त्र दिवसका अवसरमा थप केही भन्न चाहनुहुन्छ कि ?**

गणतन्त्रले समावेशीता, समानुपातिक प्रतिनिधित्व, लोकतान्त्रिक स्वतन्त्रता, वाक स्वतन्त्रता प्रदान गरेको छ । विभेदका पर्खाल तोड्ने कुराको अभ्यास गणतन्त्रणको उपहार हो । एउटा गृहिणी राज्य सञ्चालनको महत्वपूर्ण ठाउँमा पुगेका छन् । यो गणतन्त्रकै उपहार हो । जनताले गणतान्त्रिक व्यवस्थामा राम्रा कुरा प्राप्त गरेका छन् । देख्ने र भोग्ने गरी राम्रा कामहरु भएका छन् । गर्न बाँकी अझै धेरै छन् । अझै सिर्जनशील तरिकाले काम गर्न जरुरी छ । थप सुविधा जनालाई दिनुपर्छ । जनताको अपेक्षाअनुसार पूरा गर्ने सङ्कल्पका काम गर्ने आजको दिनको आवश्यकता हो । यस कार्यमा सरकार र सबै राजनीतिक दलहरु जवाफदेही, जिम्मेवार, उत्तरदात्यिव निर्वाह गर्न सकौँ ।

# समतामूलक समृद्ध राज्य निर्माण गणतन्त्रको मूल मर्म र धर्म हो

*राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का सांसद एवं सत्तारुढ दलका सचेतक प्रकाशचन्द्र परियार सामाजिक न्याय र मानवीय समानताका लागि आफू राजनीतिमा होमिएको बताउँछन् । लामो समयदेखि जातीय विभेदको चपेटाका साथै राज्य सत्ताको दमन सहनुपरेको आफ्नोजस्तै पीडा देशका समग्र दलित समुदायको रहेको उनको अनुभव छ । यसका अतिरिक्त सचेतक परियारसँग मुलुकमा गणतन्त्र ल्याउनका लागि आफ्ृनो परिवारका सदस्य गुमाउनु परेको पीडासमेत छ ।*



प्रकाशचन्द्र परियार, सचेतक, रास्वपा

यही जेठ १५ मा मनाउन लागिएको गणतन्त्र दिवसमा केन्द्रित रहेर राससका लागि अन्तर्वार्ता गरिरहँदा उनले २०६२र०६३ को जनआन्दोलनमा राज्यपक्षबाट भएको अन्धाधुन्ध गोली प्रहारमा परी २२ वर्षकै उमेरमा भाइ दयाराम परियारलाई गुमाउनु परेको दुःखद् प्रसङ्ग सुनाए । सोही जनआन्दोलनपछि यही पीडा बोकेर परियारले राजनीतिकको यात्रा सुरु गरेको बताउँछन् । त्यही यात्राको निरन्तरताले अहिले उनलाई राष्ट्रिय स्वतन्त्र पार्टीको सांसद र सचेतक सम्मको ओहदामा पुर्याएको छ । एक लोकप्रिय पत्रकारको पहिचान बनाइसकेका परियार समतामूलक समावेशी राज्यका वकालतकर्ता हुन् ।

समावेशी राज्य निर्माणका लागि पहिला पत्रकारिताका माध्यमबाट आवाज मुखरित गरिरहने परियार अहिले भने कानुन निर्माण गर्ने व्यवस्थापिकाकै सदस्यको हैसियतमा छन् । यतिखेर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को सांसद एवं सत्तारुढ दलको सचेतकको जिम्मेवारी सम्हाल्दै आएका उनले मुलुकको खाँचो र जनताको चाहनाले नै नेपालमा गणतन्त्र आएको बताउँछन् । गणतान्त्रिक नेपालको विगत, वर्तमान र आगामी परिदृश्यसमेतका बारेमा राससका समाचारदाता मधु शाहीले उनीसँग गरेको कुराकानीको सम्पादित अंश यहाँ प्रस्तुत छ ।

**नेपालमा प्रजातन्त्र पुनःस्थापनादेखि लोकतान्त्रिक गणतन्त्रसम्मको राजनीतिक परिवर्तनलाई कसरी स्मरण गर्नुहुन्छ ?**

लोकतान्त्रिक गणतन्त्रको जग १०४ वर्षे जहानियाँ राणा शासनको अन्त्यसँगै खडा भएको थियो भन्ने मलाई लाग्दछ । नेपाल र नेपालीलाई प्रजातान्त्रिक पद्धतिबाट खुला समाजमा डो¥याउनका लागि २००७ सालको क्रान्तिको नेतृत्व कांग्रेस पार्टीका संस्थापक बिपी कोइरालाले गर्नुभएको थियो । त्यतिबेला नै संविधान सभाद्वारा नेपाली जनताले आफ्नो लागि आफूले चुनेर पठाएका प्रतिनिधिहरूद्वारा संविधान लेख्न पाउनुपर्ने विषय उठाएका थिए । कालान्तरमा यसलाई तत्कालीन राजा र दरबारले असफल बनायो । लामो समयदेखि राजतन्त्रको निरंकुश शासनले राज्यसत्ता नै एक प्रकारले कुण्ठित भइरहेको थियो । राजाको नेतृत्वको सो शासनले त्यतिबेलैदेखि जनताको अधिकार र मेरिटोक्रेसीलाई कहिल्यै पनि फैलन दिएन । जसले गर्दा नेपाली समाज र जनता नै एक प्रकारको उकुसमुकसमा रहेका थिए । लोकतान्त्रिक गणतन्त्रमा मात्रै त्यस्तो व्यवस्था हो, जहाँ सामान्य जनताको छोराछोरी पनि 'हेड अफ द स्टेट' हुन सक्ने सम्भावनाको ढोका खोलेको हुन्छ । कुनै पनि जाति, कुल घरानाको ब्यक्ति मात्रै हेड अफ दि स्टेट राज्य प्रमुख हुने चलनको अन्त्य भएको छ । चरम विभेद, अत्याचार, शोषणले आत्तिएका नेपाली जनताले आफैँले आफ्नो शासन प्रक्रिया र पद्धति रोज्न आवश्यक ठाने । फलस्वरुप गणतन्त्रको उदय भएको हो । त्यही गणतान्त्रिक शासन व्यवस्था र स्वरुपले नै अहिले देशमा जातीय लगायतका जनताका अन्य अधिकारहरु पनि प्रदान गरिरहेको छ । शासन प्रणालीहरुमध्ये लोकतान्त्रिक गणतन्त्रनै आजसम्मको सबैभन्दा अनुपम व्यवस्था हो ।

**यहाँले भन्नुभएजस्तै देशमा अहिले लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था पनि छ । यसले जनताको पक्षमा कतिको काम गर्न सकेको छ जस्तो देख्नुहुन्छ ?**

लोकतन्त्र र गणतन्त्रले जनता नै जनताको शासक बन्ने सुनौलो अवसर खोलेको हो नि । नेपालजस्तो बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र विविधिताले भरिएको देशमा जनताले आफ्नो रङ्गअनुसारको मुलुक बनाउने अधिकार पाए । जसको प्रतिफलस्वरुप सर्वसाधारणबाट मधेसका छोरा रामवरण यादव पहिलो राष्ट्रपति बन्ने अवसर पाउनुभयो । भोजपुरकी विद्यादेवी भण्डारी नेपालको दोस्रो र पहिलो महिला राष्ट्रपनि हुनुभयो । अहिले पनि जनताकै छोरा, तनहुँका रामचन्द्र पौडेल राष्ट्रपति हुनुहुन्छ । यो सबै अवसरहरु लोकतन्त्र र गणतान्त्रिक शासन व्यवस्थाले खोलेको हो । यो सकारात्मक पक्ष हो र राज्यसत्ताको अधिकार जनताको हातमा छ भनेको पनि यही नै हो । अनि लोकतन्त्रको सुन्दर पक्ष पनि यही हो ।

**गणतन्त्रको कुरा गर्दा यहाँलाई नेपाली जनता कसरी गणतन्त्र स्थापनाको सङ्घर्षमा होमिए जस्तो लाग्छ ?**

२००७ सालदेखि नै नेपालमा गणतन्त्रको आवाज उठेको कुरा त मैले यसअघि पनि सामान्य रुपमा उल्लेख गरेँ । त्यो आवाज शान्तिपूर्ण रुपमा र चरणबद्ध हिसाबले अघि बढेको थियो । आन्दोलन, जनक्रान्ति, विद्रोह र सबै चरण पार गरेर चरणबद्ध हिसाबमा नै जनताको गणतन्त्र स्थापनको चाहना र योजना अघि बढेको हो । त्यसपछि खास गरेर २०५२ मा तत्कालीन माओवादीको सशस्त्र विद्रोह र २०६२÷६३ को आन्दोलन जहाँ सात दल र नेपालको नागरिक समाजको प्रत्यक्ष सहभागितामा नेपाली जनताले गणतन्त्रकै लागि सङ्घर्ष गरेका हुन् । त्यो विद्रोह किन भएको थियो भने त्यसबेलाको केन्द्रीकृत शाहवंशीय राजसंस्थाले नेपालको विविधतालाई प्रवद्र्धन गरेन, नेपालको संविधानलाई आत्मसाथ गरेन, नागरिक सर्वाेच्चता र समानतावलाई संरक्षण र प्रवद्र्धन गरेन जसले गर्दा चरम असन्तुष्टि सिर्जना भयो । कुनै निश्चित कूल घरानामा जन्मेको आधारमा नै ऊ राज्यको राज्य प्रमुख हुने एकतन्त्रीय शासन थियो । यस्तो शासन र त्यसले निम्त्याएको शोषणविरुद्ध जनताले आवाज उठाए र आफ्नो शासक आफैँ बन्न आवश्यक ठाने । आखिर यही आवाजले नै शक्ति प्राप्त गर्यो, सबै जनताको साथ सहयोग पायो र देशमा गणतन्त्रको स्थापना पनि भयो ।

**लोकतान्त्रिक गणतन्त्र स्थापनापछि जनता र देशले पाएका उपलब्धिहरूलाई यहाँले कसरी व्याख्या गर्नुहुन्छ ?**

मेरो विचारमा गणतन्त्र आएपछि नेपाली जनताले केही पनि गुमाएका छैनन् । बरु धेरै कुरा प्राप्त गरेका छन् भन्दा फरक पर्दैन । सबैभन्दा महत्वपूर्ण कुरा त गणतन्त्रले समतामूलक समृद्धिको राजमार्ग कोरिदिएको छ । कुनै पनि जातीय, समुदाय, वर्ग, लिङ्गका व्यक्ति अथवा धर्म, साम्प्रदायिक र समुदायका व्यक्तिहरुलाई राष्ट्रप्रतिको अपनत्व भाव जागृत गराएको छ । कुनै पनि विशेष जाति धर्म, कुनै भाषा, समुदाय कुनै संस्कृति या निश्चित कुल घरानाका नागरिकले मात्र समृद्धिको यात्रा गर्न सक्छन् भन्ने नकारात्मक सोच र प्रवृत्तिलाई नेपालको गणतान्त्रिक यात्राले परास्त गरिदिएको अवस्था छ । त्यस्तो सोच, व्यवहार र प्रवृत्ति गलत हो भनेर नै हामीले आवाज उठाएका हौँ र सङ्घर्षमा हामी नै होमिएका हौँ । राज्यका सबै तथा आम नागरिक नै देशका भाग्य र भविष्यका विधाता हुन् र उनीहरुको हातमा नै देशको राज्यशक्ति र सत्ता निहीत छ र हुन्छ भन्ने तथ्य पनि यो अभियानले प्रमाणित गरेको छ । यो पनि गणतन्त्रको एक उपलब्धि हो नि । त्यसैले समतामूलक समावेशी राज्य संरचनामा जोड दिनु नै गणतान्त्रिक राज्य व्यवस्थाको सवल पक्ष हो । गणतन्त्रको मूल मर्म र धर्म पनि यही नै हो ।

**नेपालको गणतान्त्रिक शासन प्रणालीलाई जेनजी आन्दोलनपश्चात् कसरी मूल्याङ्कन गर्नुहुन्छ ?**

गणतन्त्र साध्य होइन साधन हो । यो व्यवस्थलाई कसरी बुझ्ने भन्ने कुरा व्यक्ति व्यक्तित्वको दृष्टिकोणमा भर पर्छ । तर, शासन प्रणालीहरुमध्ये नै लोकतन्त्रको ठूलो महत्व हुन्छ । कानुनको शासन, विधिको, शासन र समान न्यायिक व्यवस्थालाई विश्वास गर्ने शासन व्यवस्थता गणतन्त्र नै हो । यसमा पनि लोकतान्त्रीक गणतन्त्र अझै विशिष्ट स्वरुप हो । यति गर्भिलो मर्म बोकेको लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई हामीले जनताको घरघरमा युवा पुस्तामा र आउने पुस्तामा समेत बुझाउन आवश्यक छ । गणतन्त्रको मुल्य मान्तयालाई पाठ्यक्रम, चलचित्र, साहित्य, गीत सङ्गीत र संस्कारमा झल्काउने खालका क्रियाकलाप गर्न जरुरी छ । त्यसैले मलाई लाग्छ गणतन्त्रको विकल्को कुरा गर्ने हो भने त्यसको विकल्प पनि गणतन्त्र नै हो ।

**वर्तमान सरकारको कार्यशैलीलाई गणतान्त्रिक व्यवस्थाबमोजिमको शासन शैलीका रुपमा के कसरी लिन सकिन्छ ?**

वर्तमान सरकार नेपालको संविधान २०७२ लाई नै आत्मसात् गरेर गठन भएको सरकार हो । वर्षौंदेखिको बेथिति, विकृतिको जगलाई चिर्नुपर्छ भन्ने नव युवाहरुको चेतबाट जेनजी विद्रोह जन्मिएको तथ्य त सबैका सामु छर्लङ्ग नै छ । विद्रोहका क्रममा युवाले रगत बगाए । नेपाली जनताले इतिहासमै अभूतपूर्व रुपमा मत नै क्रान्ति गरेको हामीले देखियो नै । त्यो मत क्रान्तिले नै रास्वपाको नेतृत्वमा सरकार अहिले छ । यो सरकारप्रति जनताको ठूलो भरोसा छ । यो सरकारले कार्यभारको शपथ ग्रहण गरे लगत्तै निरन्तर परिणाम ल्याउने कार्यक्रमा प्रयासरत छ । र, अहिलेको सरकारले कतिपय संविधानका बाधा अड्काउ फुकाउनुपर्ने अथवा नेपाली जनताले उठाइरहेका प्रश्नलाई सम्बोधन गर्ने सवालमा सकारात्मक छ । तर, सरकारले यो गणतन्त्रको मूल्य, मान्यतालाई अझै परिणाममुखी, अझै सन्देशूुलक बनाउने प्रक्रियामा चरणबद्ध ढङ्गले लागेको पनि छ । त्यसैले सरकरको गणतन्त्रात्मक कार्यशैलीप्रति अविश्वास गर्नुपर्ने कुनै पनि कारण छैन, देखिएको पनि छैन ।

**नेपाली जनताको ठूलो सङ्घर्ष र बलिदानबाट गणतन्त्र प्राप्त भएको हो । आगामी दिनमा पनि यो व्यवस्थालाई थप परिणाममुखी र जनतको पक्षमा ल्याउन राजनीतिक दलहरुले के गर्नुपर्छ ?**

गणतन्त्र आफैँमा राज्यको एउटा शासकीय प्रणालीअर्थात् पद्धति मात्र नभएर यो लोकतान्त्रिक संस्कार पनि हो । यो नेपाली जनताको लामो सङ्घर्ष र पर्खाइपछि आएको शासन व्यवस्था हो । लोकतान्त्रिक गणतन्त्रलाई सम्वद्र्धन र प्रवद्र्धन गर्न नेपाली जनता, राजनीतिक दल र अगुवाले प्रयास गरिरहनुभएको छ । अहिलेको सरकारले त गणतन्त्रको मूल आधारका रुपमा मानिएको सुशासनमा नै बढी जोड दिएको छ । गत भदौमा जेनजी युवाहरुले आन्दोलनका रुपमा अघि सारेको माग पनि सुशासन र 'डेलिभरी' नै हो । यी दुवै काममा सरकार लागिपरेको छ र त्यसको परिणाम पनि एकपछि अर्काे गरेर देखिएकै छ । समय सापेक्ष र जनमुखी विकास गर्ने तथा सुशासन र पारदर्शितामा कुनै तलमाथि हुन नदिने सरकारको प्रयास छ । यसअघि बेथितीले बिगार्दै ल्याएको राज्य संरचना र संस्कारको शुद्धीकरण गरी जनताको हितमा काम गर्न सरकार कटिबद्ध छ । गणतन्त्रले नेपाली समाजको रुपान्तरणका लागि हिजोका दिनमा जुन परिकल्पना गरेको थियो, त्यो हुन नसकेकाले वर्तमान सरकार भने जनताको माग तथा गणतन्त्रको मर्म र धर्मअनुरुप नै अघि बढिरहेको छ । त्यसैले आगामी दिनमा यो व्यवस्थालाई थप परिणाममुखी र जनतको पक्षमा बनाउनका लागि सबै राजनीतिक दलहरुले सरकारलाई साथ र सहयोग प्रदान गर्नुपर्दछ ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ ।

# नयाँ सहकारी दर्ता र शाखा सञ्चालनमा रोक लगाउन सिफारिस




**काठमाडौं ।**
सहकारीमा भएको बेथिति जाँचबुझ आयोगले नयाँ सहकारी दर्ता र शाखा सञ्चालनमा रोक लगाउन सिफारिस गरेको छ । आयोगले सहकारीको नियमन गर्न स्पष्ट संस्थागत प्रणाली नहुँदासम्म तीनै तहका सरकारले नयाँ सहकारी दर्ता र एक भन्दा बढी शाखा भए बन्द गराउनु पर्ने सुझाव दिएको हो । आयोगले तयार पारेको प्रतिवेदन अनुसार नयाँ सहकारी दर्ता नगर्ने, शाखा वा सेवा केन्द्र खोल्न स्वीकृति नदिने र एक भन्दा बढी शाखा खोली सञ्चालनमा रहेका सहकारीहरूलाई हिसाब राफसाफ गरी शाखा बन्द गर्न लगाउन आवश्यक रहेको छ ।प्रतिवेदनमा भनिएको छ 'सहकारी संस्था स्वावलम्बन र पारस्परिक सहयोग जस्ता भावना अनुसार सञ्चालन हुने व्यवसाय भएकाले संस्था स्थापना दर्ता हुँदा यसको कार्यक्षेत्र बढीमा एक गाउँपालिका वा नगरपालिका वा महानगर पालिकाको केही वडाहरूमा मात्र हुनुपर्दथ्यो । दर्ता हुँदाको बखतै वा दर्ता भएको केही समयमानै संस्थाको कार्यक्षेत्र नेपालभर विस्तार गर्नु, सेवा केन्द्र मार्फत बढिभन्दा बढी निक्षेप संकलन गर्न दिनु उचित थिएन । रासस

# प्रधानमन्त्री बालेन गैरजिम्मेवार बनेको कांग्रेसको निष्कर्ष



**काठमाडौँ ।**
प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले प्रधानमन्त्री बालेन शाह जनताप्रति उत्तरदायी र जिम्मेवार नभएको निष्कर्ष निकालेको छ। कांग्रेस संसदीय दलको बैठकले सरकारको कार्यशैली र प्रधानमन्त्रीको भूमिकाप्रति गम्भीर आपत्ति जनाएको हो। बैठकपछि पत्रकारसँग कुरा गर्दै कांग्रेस प्रमुख सचेतक वासना थापाले गणतन्त्र दिवसजस्तो ऐतिहासिक गरिमा बोकेको दिनमा समेत प्रधानमन्त्रीले सम्बोधन नगर्नुको कारणसमेत नदिएको उल्लेख गरिन् ।
कांग्रेसले वर्तमान सरकार बहुमतको दम्भमा चल्न खोजेको र प्रतिपक्षलाई पूर्णतः उपेक्षा गरेको आरोप लगाएको छ। बजेट निर्माणका सन्दर्भमा विगतमा प्रतिपक्षका सुझाव र आवाज सुन्ने लोकतान्त्रिक परम्परा रहे पनि वर्तमान सरकारले त्यसलाई बेवास्ता गरेको कांग्रेसको ठहर छ । रासस

# मानवअधिकार आयोगको प्रतिवेदन कार्यान्वयन गर्न कांग्रेसको माग



**काठमाडौँ ।**
नेपाली कांग्रेसले गत भदौ २३–२४ गते भएको आन्दोलनसम्बन्धी राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदनलाई गम्भीरतापूर्वक कार्यान्वयन गर्न सरकारसँग माग गरेको छ । पार्टी प्रवक्ता देवराज चालिसेले एक विज्ञप्ति जारी गर्दै आन्दोलनका क्रममा भएका मानवअधिकार उल्लंघनका घटनामा संलग्नमाथि निष्पक्ष छानबिन र कारबाहीको माग गरेका हुन् ।
कांग्रेसले आन्दोलनका क्रममा भएको हिंसा, सुरक्षा निकायबाट भएको अत्यधिक बल प्रयोग र त्यसमा संलग्न जुनसुकै ओहदा, राजनीतिक पहुँच भएका व्यक्ति, सांसद तथा निकायमाथि निष्पक्ष अनुसन्धान गरी कानुनी दायरामा ल्याउनुपर्ने स्पष्ट पारेको छ ।
विगतको सरकारले गठन गरेको गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदन अधुरो र अस्पष्ट रहेको दाबी कांग्रेसले गरेको छ । कांग्रेसले स्वयं कार्कीमाथि नै सूक्ष्म अनुसन्धान गर्नुपर्ने मागसमेत अघि सारेको छ । आम निर्वाचनको ठीक अगाडि उक्त प्रतिवेदन लुकाइनुमा नियोजित उद्देश्य रहेको कांग्रेसको आशंका छ । रासस

# बजेट प्रस्तुतीका लागि सङ्घीय संसद्को संयुक्त बैठकको तयारी पूरा

**काठमाडौं ।**
सङ्घीय संसद् सचिवालयले आगामी आर्थिक वर्ष २०८३–८४ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट) प्रस्तुत गरिने संयुक्त बैठकको सम्पूर्ण तयारी पूरा गरेको जनाएको छ ।
आज (शुक्रबार) दिउँसो ४ बजे सिंहदरबारस्थित नयाँ तथा निर्माणाधीन संसद् भवनको बहुउद्देश्यीय हलमा प्रतिनिधिसभा र राष्ट्रियसभाको संयुक्त बैठक बस्नेछ । सो बैठकमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले नयाँ सरकारको तर्फबाट आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्नेछन् ।
हाल प्रतिनिधिसभाको बैठक सञ्चालन भइरहेको बहुउद्देश्यीय हलमै बजेट प्रस्तुती गरिने भएको हो। संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार नयाँ संसद् भवनको प्रतिनिधिसभा कक्षमा संयुक्त बैठक सञ्चालन गर्ने तयारी भए पनि 'फिनिसिङ' कार्य सम्पन्न नभएकाले बहुउद्देश्यीय हल प्रयोग गर्नुपरेको हो ।
सचिवालयले प्रतिनिधिसभा र राष्ट्रियसभाका सदस्यहरूलाई बैठक सुरु हुनुअघि नै आफ्नो स्थान ग्रहण गर्न आग्रह गरेको छ ।
प्रवक्ता गिरीले स्थान अभावका कारण यसपटकको बजेट प्रस्तुतिमा संवैधानिक निकायका पदाधिकारी, नेपाल सरकारका उच्च अधिकारी तथा नेपालस्थित कूटनीतिक नियोगका प्रमुख एवं प्रतिनिधिलाई आमन्त्रण नगरिएको जानकारी दिए । रासस

# जीवन बिमा शुल्कबाट एक खर्ब २७ अर्ब ६९ करोड सङ्कलन




**काठमाडौँ ।**
जीवन बिमा शुल्कमार्फत रु एक खर्ब २७ अर्ब ६९ करोड बराबरको रकम सङ्कलन भएको छ ।
अर्थ मन्त्रालयले सार्वजनिक गरेको चालु आर्थिक वर्षको आर्थिक सर्वेक्षण अनुसार निर्जीवन बिमा शुल्क रु ३२ अर्ब ५३ करोड बराबर सङ्कलन भएको छ । कूल बिमा शुल्क २०८१ फागुनसम्मको तुलनामा चालु आवको फागुन मसान्तसम्म १६ दशमलव एक प्रतिशतले वृद्धि भई रु एक खर्ब ६० अर्ब २२ करोड बराबर पुगेको छ ।
गत फागुन मसान्तसम्म सक्रिय बिमालेखमध्ये जीवन बिमातर्फको सङ्ख्या एक करोड ६२ लाख ५९ हजार ८३२ र निर्जीवन बिमातर्फको सङ्ख्या २१ लाख ६८ हजार ४५ बराबर रहेको छ । चालु आवको फागुनसम्म जीवन बिमातर्फ एक लाख २५ हजार ८३० बिमा दाबीअन्तर्गत रु २६ अर्ब ८४ करोड बराबरको रकम दाबी भुक्तानी गरिएको सर्वेक्षणमा उल्लेख छ ।
निर्जीवन बिमातर्फ ९४ हजार २१५ बिमा दाबीअन्तर्गत रु १७ अर्ब ३१ करोड बराबरको रकम भुक्तानी गरिएको छ । बिमा क्षेत्रमा जीवन र लघु जीवन बिमातर्फ गरी १२ हजार ४३० जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् । सर्वेक्षण अनुसार २०८१ फागुनसम्म करिब चार लाख १२ हजार ४५२ अभिकर्ता अप्रत्यक्ष रोजगारीमा छन् ।
निर्जीवन बिमा व्यवसायको क्षति मूल्याङ्कन गर्ने एक हजार २२४ सर्भेयर र १६ पुनःबिमा अभिकर्ताले रोजगारी पाएका छन् ।
सञ्चय कोषको सम्पत्ति छ खर्ब ४२ अर्ब ३५ करोड
यसैगरी, गत पुससम्म कर्मचारी सञ्चय कोषको सम्पत्ति तथा दायित्व रु छ खर्ब ४२ अर्ब ३५ करोड बराबर पुगेको छ । सो अवधिमा सञ्चयकर्ताको सञ्चित रकम रु पाँच खर्ब ७८ अर्ब छ करोड बराबर छ ।
कोषले विभिन्न क्षेत्रमा गरी रु दुई खर्ब २९ अर्ब ४९ करोड बराबरको रकम लगानी गरेको छ । यस्तै रु तीन खर्ब ८१ अर्ब ६१ करोड बराबरको कर्जा तथा सापटी प्रदान गरेको छ ।
सर्वेक्षण अनुसार गत पुस मसान्तसम्म नागरिक लगानी कोषको सम्पत्ति तथा दायित्व रु तीन खर्ब १९ अर्ब ५० करोड बराबर पुगेको छ । सो अवधिमा बचतकर्ताको सञ्चित रकम रु दुई खर्ब ८२ अर्ब ३७ करोड बराबर छ । कोषले विभिन्न क्षेत्रमा रु एक खर्ब ९२ अर्ब ९४ करोड लगानी गरेको छ । रु ९१ अर्ब ५६ करोड बराबरको रकम कर्जा तथा सापटी प्रदान गरेको छ । रासस

# स्वदेशमै उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थी बढे



**काठमाडौँ ।**
स्वदेशमै उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीको सङ्ख्यामा १० दशमलव नौ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०८०/८१ मा उच्चशिक्षा अध्ययन गर्ने विद्यार्थीको सङ्ख्या छ लाख ७२ हजार ४८९ रहेकामा आर्थिक वर्ष २०८१/८२ मा १० दशमलव नौ प्रतिशतले बढेर सात लाख ४५ हजार ७७० पुगेको हो । आर्थिक सर्वेक्षण २०८२/८३ का अनुसार उच्च शिक्षा अध्ययनरत कूल विद्यार्थीमध्ये व्यवस्थापन सङ्कायमा सबैभन्दा बढी ५० दशमलव ५ प्रतिशत छन् भने कृषिमा सबैभन्दा कम शून्य दशमलव १५ प्रतिशत रहेको छ । व्यवस्थापन, शिक्षाशास्त्र र मानविकी तथा समाजशास्त्र सङ्कायमा अध्ययनरत विद्यार्थी करिब ८० प्रतिशत रहेका छन् ।
केन्द्रीय/प्रादेशिक विश्वविद्यालय, स्वास्थ्य विज्ञान प्रतिष्ठान र विदेशी सम्बन्धनमा नेपालमा सञ्चालित क्याम्पसमा अध्ययनरत विद्यार्थीमध्ये त्रिभुवन विश्वविद्यालय अन्तर्गत आङ्गिकमा ४७ दशमलव नौ र सम्बन्धन प्राप्तमा २७ दशमलव ४ प्रतिशत गरी कूल ७५ दशमलव ३ प्रतिशत छन् । अन्य विश्वविद्यालय÷कार्यक्रममा २४ दशमलव १ प्रतिशत विद्यार्थी छन् । सरकारी लगानीका हिसाबले त्रिभुवन विश्वविद्यालयमा ६७ दशमलव ५ प्रतिशत र अन्य विश्वविद्यालय/कार्यक्रममा ३२ दशमलव ५ प्रतिशत लगानी रहेको छ ।हाल मुलुकमा २०८२ फागुनसम्म १५ केन्द्रीय र छ प्रादेशिक गरी २१ विश्वविद्यालय तथा सङ्घअन्तर्गत छ र प्रदेशअन्तर्गत दुई गरी आठ स्वास्थ्य विज्ञान प्रतिष्ठान रहेका छन् । रासस

# हिमालमा परेको असर न्यूनीकरणको विषय प्राथमिकतामा

**काठमाडौँ ।**
नेपाली कांग्रेसले हिमालमा परेको असर न्यूनीकरणको खोजीदेखि समग्र वातावरण संरक्षण अभियानसम्मका विषयलाई प्राथमिकता दिएको छ ।
कांग्रेसको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको बुधबार काठमाडौँ बसेको तेस्रो बैठकले 'जलवायु परिवर्तन सचेतना उपसमिति' गठन गरी हिमालमा परेको असर न्यूनीकरणको खोजीदेखिका विषय कार्यादेश तोकेको छ ।
कांग्रेस सभापति गगनकुमार थापाको उपस्थितिमा भएको बैठक प्रतिष्ठानका प्रमुख एवं पार्टी उपसभापति विश्वप्रकाश शर्माको सभापतित्वमा बसेको थियो । बैठकमा जलवायु परिवर्तनले हिमालमा पारेको असर र त्यसको न्यूनिकरणका लागि गर्नुपर्ने पहललगायत विषयमा छलफल भएको उपसभापति शर्माले जानकारी दिए ।
यसैगरी विश्वव्यापी बढ्दो तामक्रमका कारण हिमाल पग्लिने क्रम तीव्र हुँदा जलवायुजन्य विपद्को खतरा बढेको विषयमा समेत छलफल भएको उनले बताए । कांग्रेस उपसभापति शर्मा जलवायु परिवर्तन र हिमालको विषयमा बढी चासो राख्छन् । उनी गत वर्ष विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहणका क्रममा सात हजार २०० मिटरमा रहेको तेस्रो क्याम्पसम्म पुगेका थिए ।
यसैगरी बैठकमा प्रतिष्ठानका उपप्रमुख मधु आचार्यले आन्तरिक
आचारसंहितासम्बन्धी प्रस्ताव पेस गरेका थिए । त्यस्तै यस अघिको प्रतिष्ठानको बैठकबाट चयन भएका विभिन्न उपसमितिका छ जना संयोजकहरूले आफ्नो अवधारणा र कार्ययोजना प्रस्तुत गरेका थिए । साथै बैठकले प्रतिष्ठान प्रमुख शर्माको प्रस्तावमा विभिन्न थप सात बिषयगत उपसमिति तय गरेर संयोजक चयन गरेको छ । रासस

# अन्तर्राष्ट्रिय सम्बन्धमार्फत विकास र लगानी विस्तारमा सरकार केन्द्रितः परराष्ट्रमन्त्री

**काठमाडौं ।**
परराष्ट्रमन्त्री शिशिर खनालले नेपालको अन्तर्राष्ट्रिय सम्बन्धलाई देशको विकास, आर्थिक समृद्धि र राष्ट्रिय हित प्रवद्र्धनका लागि प्रभावकारी रूपमा उपयोग गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन् ।
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) टोखा नगरपालिका–९ ले आज बिहान आयोजना गरेको एक कार्यक्रममा उनले नेपालको अन्तरराष्ट्रिय सम्बन्ध विश्वका विभिन्न मुलुक तथा अन्तर्राष्ट्रिय संस्थासँगको कूटनीतिक, आर्थिक, सांस्कृतिक र रणनीतिक सम्बन्धमा आधारित रहेको उल्लेख गरे ।
नेपालले स्वतन्त्र, असंलग्न र सन्तुलित परराष्ट्र नीति अवलम्बन गर्दै आएको तथा नेपालको संविधान, संयुक्त राष्ट्रसङ्घको बडापत्र, पञ्चशीलको सिद्धान्त र असंलग्न आन्दोलनका मूल्य–मान्यताका आधारमा परराष्ट्र नीति सञ्चालन भइरहेको उनले बताए । मन्त्री खनालले नेपालको अन्तरराष्ट्रिय सम्बन्ध सन्तुलित, मैत्रीपूर्ण र बहुपक्षीय सहकार्यमा आधारित रहेको उल्लेख गर्दै राष्ट्रिय हितको संरक्षण, आर्थिक विकास, शान्ति तथा अन्तर्राष्ट्रिय सहकार्यलाई सुदृढ बनाउनु नेपालको परराष्ट्र नीतिको मुख्य उद्देश्य भएको बताए ।



परराष्ट्र मन्त्रालयभित्र हुने ढिलासुस्ती अन्त्य गरी नागरिकलाई समयमै सेवा प्रदान गर्न म लागिपरेको छु । राहदानी वितरण प्रक्रियालाई निकै सहज बनाएका छौँ ।
पहिले हप्तौँ लाग्ने राहदानी अहिले आवेदन दिएको दुई–तीन दिनमै र कतिपय अवस्थामा भोलिपल्टै उपलब्ध गराउन सक्ने अवस्थामा पुगेका छौँ, मन्त्री खनालले भने । उनले विदेशमा रहेका नेपालीका समस्या सम्बोधन गर्न 'मोफा मित्र' मोबाइल एप सार्वजनिक गरिएको जानकारी दिए ।
अब विदेशमा अलपत्र परेका वा समस्यामा परेका नेपालीले उक्त एपमार्फत सिधैँ गुनासो दर्ता गर्न सक्ने र त्यसको अनुगमन मन्त्रीस्तरबाटै हुने व्यवस्था मिलाइएको उनको भनाइ थियो ।
उनले निर्वाचनपछि सरकारले सार्वजनिक गरेको '१०० बुँदे प्रतिबद्धता पत्र' अनुसार काम भइरहेको बताउँदै २०६३ पछि महत्वपूर्ण सार्वजनिक पदमा रहेका व्यक्तिको सम्पत्ति छानबिन गर्ने तथा पुराना भ्रष्टाचारका फाइल खोल्ने प्रक्रिया अघि बढेको जानकारी दिए ।
फजुल खर्च नियन्त्रण गर्न मन्त्रालय घटाइएको उनको भनाइ थियो । मन्त्री खनालले गोँगबु क्षेत्रमा जमिनमुनिको पानीको सतह घट्दै गएकोप्रति चिन्ता व्यक्त गर्दै शिवपुरी जलाधार क्षेत्रको पानी व्यवस्थापनका लागि स्थानीय तहसँग समन्वय भइरहेको बताए ।
चक्रपथ विस्तारको सम्झौता चीनसँग भइसकेकाले अब निर्माणले गति लिने तथा गोँगबु क्षेत्रको अव्यवस्थित पार्किङ हटाउन ट्राफिक प्रहरीसँग समन्वय गरी तत्काल काम थालिने उनले बताए । टोखा नगरपालिका–९ का वडाध्यक्ष रामभक्त घिमिरेले सङ्घीय सरकारसँगको सहकार्यमा गोँगबु–टोखा क्षेत्रमा देखिएका समस्या समाधानका लागि आफू लागिपरेको बताए । रासस

# संसद्मा भूमिका थप प्रभावकारी बनाउने निर्णय




**काठमाडौं ।**
नेपाली कांग्रेसले सङ्घीय संसद्मा पार्टीको भूमिका थप प्रभावकारी बनाउने निर्णय गरेको छ । पार्टीको संसदीय दलको बिहिबार बसेको बैठकमा संसद्मा आगामी रणनीति, आगामी आर्थिक वर्ष २०८३–८४ को बजेट तथा संसदीय दलको कार्यसमितिलाई पूर्णता दिने विषयमा छलफल भएको हो ।
बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै कांग्रेस प्रमुख सचेतक वासना थापाले शुक्रबार प्रस्तुत हुने बजेटका विषयमा विस्तृत छलफल गरिएको बताइन् । उनका अनुसार संसद्मा पार्टीको भूमिकालाई अझ प्रभावकारी र सशक्त बनाउने विषय बैठकको मुख्य एजेन्डा थियो ।
उनीले संसदीय दलको कार्यसमितिमा रिक्त रहेका केही पदमा पूर्णता दिने विषयमा पनि छलफल भएको जानकारी दिए । साथै संसद्का विषयगत समितिहरूको अध्ययन तथा समन्वयका लागि पार्टीका तर्फबाट संयोजक तोक्ने विषयमा समेत बैठकमा विचारविमर्श गरिएको उनले बताइन् । बैठकमा गणतन्त्र दिवसका अवसरमा सरकार प्रमुखको सम्बोधन नहुने भन्ने सार्वजनिक भएको विषयमा पनि छलफल भएको प्रमुख सचेतक थापाले जानकारी दिइन् । रासस

## औद्योगिक क्षेत्रमा सञ्चालित
# उद्योगमा २० हजार प्रत्यक्ष रोजगारी

**काठमाडौँ ।**
मुलुकका विभिन्न क्षेत्रमा रहेका १० औद्योगिक क्षेत्रमा सञ्चालित उद्योगबाट २० हजार व्यक्तिले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् । करिब छ हजार १६ रोपनी जग्गामा सञ्चालित ती औद्योगिक क्षेत्रभित्र गत फागुन मसान्तसम्म कायम रहेका ७०६ मध्ये ६३८ उद्योग सञ्चालनमा रहेको आर्थिक वर्ष २०८२÷०८३ को आर्थिक सर्वेक्षणमा उल्लेख छ । औद्योगिक क्षेत्रमा २६ उद्योग निर्माणाधीन, १६ उद्योग बन्द र २६ अन्य सङ्घसंस्था छन् ।
सातै प्रदेशमा बालाजु, पाटन, भक्तपुर, हेटौँडा, धरान, नेपालगन्ज, पोखरा, बुटवल, वीरेन्द्रनगर र गजेन्द्रनारायण सिंह गरी १० औद्योगिक क्षेत्र सञ्चालित छन् । मुलुकमा औद्योगिक विकास गर्न उद्योगलाई आवश्यक पर्ने आधारभूत पूर्वाधार जमिन, औद्योगिक भवन, सडक, विद्युत्, पानी, ढल तथा अन्य सुविधा एकै ठाउँमा उपलब्ध गराउने



उद्देश्यले औद्योगिक क्षेत्र सञ्चालनमा ल्याइएको हो ।
आर्थिक तथा व्यावसायिक वातावरण सुधार र उद्योग तथा लागनी सहजीकरण गर्न औद्योगिक व्यवसाय ऐन, २०७६, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५, कम्पनी ऐन, २०६३ र विशेष आर्थिक क्षेत्र ऐन, २०७३ संशोधन गरी लगानीमैत्री बनाइएको आर्थिक सर्वेक्षणमा उल्लेख छ । नवीनतम ज्ञान, प्राविधिक सीप र क्षमता भएको इच्छुक उद्यमीलाई ‘स्टार्टअप’ उद्यममा सहभागी हुन उत्प्रेरित गर्दै स्टार्टअप उद्यम नीति २०८१ र स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८१ स्वीकृत भएको छ ।
स्टार्टअप उद्यमको विकास र प्रवद्र्धनका लागि व्यवसाय सम्वद्र्धन केन्द्रको स्थापना भएको छ । स्टार्टअप उद्यम कर्जा कार्यक्रमअन्तर्गत गत आर्थिक वर्षमा पाँच हजार १५८ प्रस्ताव प्राप्त भएकामा ६६१ प्रस्ताव सिफारिस भई ६०० उद्यमीलाई कर्जा प्रवाह गरिएको आर्थिक सर्वेक्षणमा उल्लेख छ । चालु आवको फागुनसम्म १० हजार २४४ प्रस्ताव प्राप्त भएका छन् । औद्योगिक बौद्धिक सम्पत्तिका रुपमा गत फागुन मसान्तसम्म ७० हजार ९७० ट्रेडमार्क, ९० पेटेन्ट र ३२० डिजाइन दर्ता भएका छन् ।
सबैभन्दा बढी चिनियाँ लगानी स्वीकृत
फागुन मसान्तसम्म वैदेशिक लगानीका लागि स्वीकृति पाएका परियोजनामध्ये कूल लगानीका आधारमा सबैभन्दा बढी चिनियाँ छ । सो अवधिमा चीनको ४८ प्रतिशत, भारतको १७.९ प्रतिशत र तीबाहेक अन्यको ३४.१ प्रतिशत लगानी रहेको छ । रासस

# दक्षिण एसियामा वनः नेपाल दोस्रो स्थानमा



**काठमाडौँ ।**
दक्षिण एसियाका आठ मुलुकमध्ये सबैभन्दा बढी वनक्षेत्र भुटानमा छ भने दोस्रो स्थानमा नेपाल रहेको छ । बुधबार सार्वजनिक आर्थिक वर्ष २०८२/०८३ को आर्थिक सर्वेक्षणआनुसार भुटानमा ६९ दशमलव ७१ प्रतिशत, नेपालमा ४६ दशमलव शून्य आठ, श्रीलङ्का ३४ दशमलव एक, चीन २२ दशमलव ९६, भारत २१ दशमलव ७१, बङ्गलादेशमा १२ दशमलव आठ, पाकिस्तान चार दशमलव आठ, माल्दिभ्समा दुई दशमलव सात र अफगानिस्तानमा एक दशमलव नौ प्रतिशत वनक्षेत्र छ । विश्वको कूल भूभागको ३२ प्रतिशत भूभाग वनले ढाकेको छ ।
सन् २०२४ मा नेपालको वन क्षेत्र कूल भू–भागको ४६ दशमलव शून्य आठ प्रतिशत थियो । यसमध्ये कूल भू–भागको ४३ दशमलव ३८ प्रतिशत वन र दुई दशमलव सात प्रतिशत झाडी तथा बुट्यान क्षेत्र रहेको छ ।
सन् १९९० को दशकमा नेपालमा ३९ दशमलव छ प्रतिशत वन क्षेत्र रहेकोमा सन् २०१५ मा ४४ दशमलव ७४ प्रतिशत र सन् २०१९ मा ४५ दशमलव ३१ प्रतिशत पुगेको थियो ।
देशको कूल भू–भागमध्ये ३४ हजार ४२० वर्ग किमी संरक्षित क्षेत्रका रूपमा छ । यो कूल भू–भागको २३ दशमलव चार प्रतिशत हो ।
साथै ११ वन संरक्षण क्षेत्रअन्तर्गत हालसम्म एक लाख ९४ हजार १५६ हेक्टर वन क्षेत्र व्यवस्थापन भएको छ ।
यसैगरी गत फागुनसम्म मध्यवर्ती तथा संरक्षित क्षेत्रमा ८९९ सामुदायिक वन समूह गठन भएका छन् भने यस्तो क्षेत्रले करिब दुई लाख २५ हजार आठ हेक्टर क्षेत्रफल ओगटेको छ । त्यसैगरी ४८ मध्यवर्ती कबुलियति वनमार्फत ५४८ हेक्टर वन क्षेत्र व्यवस्थापन भएको छ ।
गत फागुनसम्म २३ हजार १६२ सामुदायिक वन उपभोक्ता समूहमार्फत २५ लाख नौ हजार ८२५ हेक्टर वन क्षेत्रको व्यवस्थापन भएको छ । साथै ३३ साझेदारी वन उपभोक्ता समूहमार्फत ४४ हजार ३८४ हेक्टर वन क्षेत्रमा सघन व्यवस्थापन भएको आर्थिक सर्वेक्षणमा उल्लेख छ । रासस

# पन्ध्र लाख ९० हजार हेक्टरमा पुग्यो सिँचाइ सुविधा

**काठमाडौँ ।**
सरकारको प्रभावकारी व्यवस्थापनका कारण मुलुकभित्र क्रमशः सिँचाइयोग्य क्षेत्रफल विस्तार हुँदै गएको छ । अर्थ मन्त्रालयले सार्वजनिक गरेको चालु आवको मन्त्रालयगत प्रगति विवरणअनुसार ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले सङ्घीयस्तरमा सञ्चालन गरेका आयोजनाबाट सिँचाइ सुविधा १५ लाख ९० हजार ३८८ हेक्टरमा पुगेको छ ।
सिँचाइयोग्य भूमिमध्ये पाँच लाख ३२ हजार ६५५ हेक्टरमा वर्षभरनै सिँचाइ सुविधा उपलब्ध भएको छ । वर्षभरि नै सिँचाइ सुविधा उपलब्ध गराउनका लागि सरकारले केही ठूला र महत्वपूर्ण आयोजनाहरु अगाडि बढाएको छ । मन्त्रालयका अनुसार, भूमिगत सिँचाइ आयोजनाबाट पाँच लाख ४६ हजार ४४८ हेक्टर सिञ्चित क्षेत्रफल विस्तार भएको छ




। लिफ्ट र जलाशय सिँचाइ कार्यक्रमबाट छ हजार ८८ हेक्टर सिञ्चित क्षेत्रफल विस्तार भएको छ । ठूला तथा मझौला नदीमा एक हजार ५१८ किमी तटबन्ध निर्माण साथै तटबन्ध निर्माणबाट जम्मा १३ हजार ८९१ हेक्टर जग्गा उकास भएको छ । भूमिगत सिँचाइ आयोजनाबाट १० लाख ३७ हजार ८४८ हेक्टर सिञ्चित क्षेत्रफल विस्तार भएको छ । जल तथा मौसम विज्ञान विभागतर्फ १९२ जलमापन केन्द्र र ३५५ मौसममापन केन्द्र स्थापना र सञ्चालन भएको छ ।
नदी कटान डुबान तथा पहिरोको जोखिम व्यवस्थापनका लागि महाकाली, कर्णाली, नारायणी, कोशीलगायतका ठूला नदीमा नदी नियन्त्रण कार्यक्रमका लागि चालु आवमा रु पाँच अर्ब ५९ करोड विनियोजन गरिएको छ । सोमध्ये महकाली– दार्चुला, कर्णाली, नारायणी, बबई भादा औरही, खाँडो, त्रियुगा, कोशी बक्राहालगायतका नदीमा एक हजार ४९४ दशमलव ७१ किलोमिटर तटबन्ध निर्माण भएको छ ।
चालु आवको फागुन मसान्तसम्म १५ वटा जोखिमयुक्त बजारको संरक्षण एवं बचावटका कार्यहरु जारी रहेको मन्त्रालयले जनाएको छ । जोखिमयुक्त पहिरो पहिचान गरी अध्ययन तथा अनुसन्धान गरी विभिन्न ५३ स्थानमा पहिरो व्यवस्थापन कार्य जारी छ । त्यस्तै, १२ वटा बेसिन गुरुयोजना तयार गरी तीन हजार १६४ वटा लिफ्ट सिँचाइ विस्तार भएको छ । दुई हजार ५५७ हेक्टर सतह सिँचाइको मर्मतसम्भार भएको छ भने १७४ हेक्टर नयाँ सतह सिँचाइ प्रणाली विस्तार भएको छ । रासस

# इन्डोनेसियामाथि ४ विकेटको जित निकाल्दै नेपाल सेमिफाइनलमा



**काठमाडौँ ।**
इन्डोनेसियामाथि ४ विकेटको जित निकाल्दै नेपाल एसियन गेम्स छनोटको सेमिफाइनलमा पुगेको छ । बिहीबार भएको खेलमा इन्डोनेसियाले दिएको ११४ रनको लक्ष्य ६ विकेटको क्षतिमा ३ बल खेल्न बाँकी छँदै पुरा गरेको हो । अब नेपालले अन्तिम चारमा आयोजक टोली मलेसियासँग खेल्नेछ । मलेसियालाई हराएमा नेपाल एसियन गेम्समा छनोट हुनेछ । नेपालको जितमा कप्तान इन्दू बर्माले नटआउट ४२ रन बनाइन् । उनले ४३ बलमा ५ चौका प्रहार गरिन् । अन्त्यमा लगातार विकेट गुमेपछि दबाबमा रहेको बेलमा सीता रानामगरले ६ बलमा ३ चौकाको मद्दतमा नटआउट १३ बनाएपछि नेपालको जित सम्भव एको थियो ।

## ओमानलाई ट्रम्पको धम्कीः
# ‘नियम नमाने उडाइदिन सक्छौँ’

**वासिङ्टन डीसी ।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले स्ट्रेट अफ होर्मुजमाथि नियन्त्रणको विषयलाई लिएर ओमानलाई सैन्य कारबाहीको धम्की दिएका छन् । बुधबार ह्वाइट हाउसमा आयोजित मन्त्रिपरिषद् बैठकका क्रममा एक पत्रकारले ओमान र इरानले संयुक्त रूपमा स्ट्रेट अफ होर्मुजको व्यापारिक आवत जावत व्यवस्थापन गर्ने सम्भावनाबारे ट्रम्पको धारणा सोधेका थिए । उक्त जलमार्ग विश्वको कुल तेल ढुवानीको २० प्रतिशतभन्दा बढीका लागि प्रयोग हुने रणनीतिक समुद्री मार्ग हो ।
‘यदि इरान र ओमानलाई छोटो अवधिका लागि स्ट्रेटमाथि नियन्त्रण गर्न दिइयो भने के तपाईं स्वीकार गर्नुहुन्छ ?’ पत्रकारले प्रश्न गरेका थिए । ‘कसैले पनि त्यसलाई नियन्त्रण गर्ने छैन । त्यो अन्तर्राष्ट्रिय जलक्षेत्र हो र ओमानले अरू सबैले जस्तै व्यवहार गर्नुपर्छ, नत्र हामीले तिनीहरूलाई उडाइदिनुपर्ने हुन्छ’ जवाफमा ट्रम्पले भनेका थिए । सुरुमा ट्रम्पले गल्तीले इरान भन्नुपर्ने ठाउँमा ओमान भनेको हुनसक्ने अनुमान गरिएको थियो । तर पछि अमेरिकी विदेश मन्त्रालयले सामाजिक सञ्जालमार्फत ट्रम्पको अभिव्यक्तिको आधिकारिक प्रतिलिपि सार्वजनिक गर्दै उनले वास्तवमै ओमानकै नाम उल्लेख गरेको पुष्टि गरेको थियो ।



ओमानले भने आफू इरानसँग मिलेर स्ट्रेट अफ होर्मुजमाथि नियन्त्रण गर्न चाहेको कुनै सार्वजनिक धारणा व्यक्त गरेको छैन । तटस्थ परराष्ट्र नीतिका लागि परिचित ओमान र अमेरिका दुई सय वर्षभन्दा लामो सम्बन्ध भएका निकट सहयोगी राष्ट्र हुन् । दुई देशबिच सुरक्षा साझेदारी, स्वतन्त्र व्यापार सम्झौता तथा विज्ञान–प्रविधि सहकार्यजस्ता विभिन्न सम्झौताहरू छन् । यसअघि फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमाथि आक्रमण गरेपछि सुरु भएको युद्ध अन्त्य गर्न वासिङ्टन र तेहरानबिच मध्यस्थकर्ताको भूमिकामा ओमान सक्रिय रहेको थियो । ट्रम्पको पछिल्लो अभिव्यक्तिलाई उनको विदेश नीतिमा बढ्दो सैन्य दबाबको रणनीतिका रूपमा हेरिएको छ, जसलाई कतिपयले ‘गनबोट डिप्लोमेसी’ भनेर व्याख्या गरेका छन् ।
यद्यपि, उनको अभिव्यक्तिको व्यापक आलोचना भएको छ । अमेरिकास्थित मानवअधिकार संस्था डनका वकालत निर्देशक रेड जरारले ट्रम्पको टिप्पणीलाई ‘माफिया गिरोहका प्रमुखको शैली’ सँग तुलना गरेका छन् । ‘संयुक्त राष्ट्रसङ्घको चार्टरले कुनै पनि राष्ट्रविरुद्ध बल प्रयोग गर्ने धम्की दिन निषेध गरेको छ र त्यो नियम अमेरिकामा पनि उत्तिकै लागू हुन्छ,’ उनले अल जजिरासँग भने । ‘केवल अमेरिकाले पुनः सञ्चालन गर्न चाहेको तेल मार्ग नजिक समुद्री क्षेत्र भएको कारण कुनै अरब राष्ट्रलाई ‘उडाइदिने’ धम्की दिनु भनेको यही वर्ष फेब्रुअरीमा सुरु भएको युद्ध निम्त्याउने गैरकानुनी मानसिकताको निरन्तरता हो,’ अझ अगाडि उनले भने ।
यो विवाद इरानको सरकारी टेलिभिजनले इरान र ओमानबिच स्ट्रेट अफ होर्मुजको संयुक्त व्यवस्थापनसम्बन्धी समझदारी पत्र (एमओयू) को प्रारूप तयार भएको दाबी गरेपछि चर्किएको हो । तर ट्रम्प प्रशासनले उक्त रिपोर्टलाई ‘पूर्ण रूपमा बनावटी’ भनेको छ । विश्व ऊर्जा तथा मल ढुवानीका लागि अत्यन्त महत्त्वपूर्ण मानिने स्ट्रेट अफ होर्मुज दशकौँदेखि स्वतन्त्र अन्तर्राष्ट्रिय मार्गका रूपमा सञ्चालन हुँदै आएको छ । तर फेब्रुअरीमा अमेरिका र इजरायलले इरानमाथि बमबारी सुरु गरेपछि तेहरानले स्ट्रेट बन्द गर्दै त्यसमा आफ्नो सार्वभौमिकता दाबी गर्न थालेको थियो । जलमार्गका केही भाग इरान र ओमान दुवैको समुद्री सीमाभित्र पर्छन् ।
यसैबिच ट्रम्पले बुधबारको बैठकमा साउदी अरेबिया र कतारसहितका अरब राष्ट्रहरूले इजरायलसँग औपचारिक सम्बन्ध स्थापना गर्नुपर्ने माग पनि दोहो¥याए । उनले आफ्नो पहिलो कार्यकालमा ‘अब्राहम एकर्डस’ मार्फत अरब राष्ट्रहरू र इजरायलबिच सम्बन्ध सामान्यीकरण गराउने प्रयास गरेका थिए ।
पछिल्ला दिनमा उनले पुनः यही एजेन्डालाई प्राथमिकतामा राख्दै थप अरब राष्ट्रहरूले सहमति नगरे अमेरिका वार्ताबाट पछि हट्न सक्ने चेतावनी दिएका छन् ।
‘मेरो विचारमा उनीहरूले हाम्रो लागि त्यो गर्नुपर्छ,’ ट्रम्पले भने । पछि उनले थपे, ‘यदि उनीहरूले हस्ताक्षर गर्दैनन् भने सायद हामीले सम्झौता नै गर्नुहुँदैन ।’ यस विषयमा टिप्पणी माग्दा ह्वाइट हाउसले तत्काल कुनै प्रतिक्रिया दिएको छैन । रासस

# सरकारलाई मेयर्स फोरमले भन्यो

## आइतबार विद्यालय बन्द गर्ने निर्णय फिर्ता लिनु



**काठमाडौं ।**
उपत्यका मेयर्स फोरमले सरकारलाई आइतबार विद्यालय बन्द गर्ने निर्णय फिर्ता लिन माग गरेको छ । फोरमको ललितपुरस्थित महालक्ष्मी नगकरपालिकामा बसेको बैठकले सरकारले संविधान विपरीत निर्णय गरेको निष्कर्ष निकालेको हो ।
मेयर्स फोरमका अध्यक्ष एवं ललितपुर महानगरपालिकाका मेयर चिरिबाबु महर्जनले सरकारको निर्णयले स्थानीय तहको संवैधानिक तथा कानुनी अधिकार कुण्ठित भएको बताए ।
शिक्षा ऐनअनुसार विद्यालय वर्षमा २ सय २० दिन सञ्चालन हुनुपर्ने व्यवस्था छ । तर सरकारले अप्रत्याशित रूपमा आइतबार बिदा दिने निर्णय गर्दा अध्ययन–अध्यापन प्रभावित हुने अवस्था सिर्जना भएको उनले बताए । सरकारको निर्णयले विद्यालयहरू १ सय ९० दिन पनि सञ्चालन गर्न कठिन हुने अवस्था देखिएको उनको भनाइ छ । स्थानीय तहले आफ्नो शैक्षिक क्यालेन्डर बनाइसकेको अवस्थामा केन्द्र सरकारले राजपत्रमै सूचना प्रकाशित गरेर निर्णय गर्नु संविधान र शिक्षा ऐनको मर्मविपरीत रहेको उनको भनाइ छ ।रासस

# ‘क्यान्सर’को औषधिमा प्रयोग गरिने कच्चा पदार्थ निर्यातको थालनी




**चितवन ।**
जायोडिन बायोटेक उद्योगले क्यान्सरको औषधि बनाउने कच्चा पदार्थ उत्पादन सुरुआत गरेको छ । भरतपुर महानगरपालिका–१६ शरणपुरस्थित सो उद्योगले नेपाली जडीबुटी प्रशोधन गरेर क्यान्सरको औषधि बनाउने कच्चा पदार्थ उत्पादन गरी भारत निर्यात समेत गर्न थालनी गरेको हो ।
उद्योगका अध्यक्ष जीनारायणबहादुर क्षेत्रीले सो जानकारी दिँदै भने ‘अत्याधुनिक उपकरण जडान गरेर कच्चा पदार्थ तयार गरेर निर्यात गर्न सुरुआत गरेका छौँ ।’ स्वदेशी उद्यमीको संयुक्त लगानीमा रु एक अर्ब ३० करोड सञ्चालनमा आएको जनाइएको छ ।उद्योगमा कच्चा पदार्थ र त्यसबाट बन्ने क्यान्सरका औषधिहरु उत्पादनका लागि काम भइरहेको छ । उनले भने, क्यान्सरको औषधिको कच्चा पदार्थ उत्पादन गरी निर्यात गरेका छौँ ।
क्यान्सरको औषधि आयत हुँदै आएको छ । उद्योगले १०–१२ प्रकारका कच्चा पदार्थ उत्पादन गर्ने लक्ष्य लिएको छ । हाल दुई कच्चा पदार्थ उत्पादन गरिसकेको छ । लौठ सल्लोलाई प्रशोधन गरेको सहायक कच्चा पदार्थ ‘टेन ड्यब थ्री’बाट अन्य केमिकल प्रयोग गरी ‘प्याक्लिट्याक्सल’ र ‘डोसीट्याक्सल’ कच्चा पदार्थ उत्पादन गरेको उनको भनाइ छ ।
हेटौँडाको बसामाडीमा रहेको इभान्स लाइफ साइन्स नामक उद्योगबाट लौठ सल्लो प्रशोधन गरी सहायक कच्चा पदार्थ उत्पादन गरी यहाँ ल्याएर पुनः प्रशोधन गरिएको उनको भनाइ छ । प्रशोधन गरेपछि कच्चा पदार्थ तयार हुने गर्दछ । त्यही तयारी कच्चा पदार्थ दुई किलो पाँचसयग्राम ‘सेभेन ट्रक प्याक्लिट्याक्सल’ मंगलबार भारत निर्यात गरिएको हो ।
आफूहरुले उत्पादन गरेको कच्चा पदार्थ उत्पादन परीक्षण गरी अनुमति समेत प्राप्त गरिसकेको उनको भनाइ छ । कच्चा पदार्थ निर्यात गर्न भारतीय कम्पनीलाई नमूना पठाइएको र नमूना सफल भएसँगै भारतमा कच्चा पदार्थ निर्यात गरिएको उनले जानकारी दिए । यो कच्चा पदार्थ आठ लाखदेखि २५ लाखसम्म प्रतिकिलो मूल्य पर्दछ । कच्चा पदार्थको ‘ब्राण्ड’ नाम हुँदैन ।
उनले पाकिस्तान, बङ्गलादेशलगायतका एसियाली देशहरुमा निर्यात गर्ने आफूहरुको योजना रहेको जानकारी दिए । नेपालका ४० देखि ४५ जिल्लामा यो लौठसल्लो पाइने जनाउँदै उहाँले वार्षिक एक हजार ५०० टन लौठसल्लोबाट दुईदेखि तीन हजार किलोसम्म कच्चा पदार्थ उत्पादन गर्न सकिने जानकारी दिए ।
उद्योगमा नै रहेको अर्को भवनमा क्यान्सर रोगको उपचारमा प्रयोग हुने औषधिको समेत उत्पादन गर्ने तयारी आफूहरुले गरिरहेको उनको भनाई छ । उद्योगमा मासिक ७० देखि ८० किलो कच्चा पदार्थ उत्पादन गर्नसक्ने क्षमता रहेको जनाइएको छ ।रासस

# मुग्लिन–पोखरा सडक विस्तार अगामी असारसम्म पूरा नहुने



**कास्की ।**
पृथ्वीराजमार्गअन्तर्गत मुग्लिन–पोखरा सडक स्तरोन्नति आयोजनाको पश्चिम खण्डमा निर्माण सुस्त बनेको छ । पाँच वर्षअघि सुरुआत भएको सडक विस्तार तथा स्तरोन्नति पटक–पटक म्याद थप हुँदासमेत अझै पूरा हुन सकेको छैन ।तनहुँको जामुनेदेखि पोखराको सेतीपुलसम्मको ३८ दशमलव ७१ किलोमिटर सडकखण्ड पश्चिम खण्डअन्तर्गत पर्दछ ।
आयोजनाको म्याद गत पुसमा तेस्रोपटक थप गर्दै आगामी असार १५ गतेसम्म पु¥याइएको थियो । तर पछिल्लो प्रगति हेर्दा निर्धारित अवधिभित्र निर्माण सम्पन्न नहुने अनिश्चित भएको हो ।
पेट्रोलियम पदार्थको आपूर्तिमा समस्या, निर्माण सामग्रीको मूल्यवृद्धि तथा पछिल्ला दिनमा परेको लगातार वर्षाले निर्माण प्रभावित बनेको आयोजनाले जनाएको छ । मूल्यवृद्धिका कारण निर्माण कम्पनीले अत्यावश्यकबाहेकका अन्य काममा अपेक्षित गति दिन नसकेको जनाएको छ ।
मुग्लिन–पोखरा सडक योजना पश्चिम खण्डका योजना प्रमुख कृष्णबहादुर कुँवरका अनुसार हालसम्म आयोजनाको भौतिक प्रगति ७८ प्रतिशत पुगेको छ । उनले कूल सडकखण्डमध्ये पहिलो तहको कालोपत्रे ३८ किलोमिटर र दोस्रो तहको कालोपत्रे ३७ दशमलव २८ किलोमिटर सम्पन्न भएको जानकारी दिए ।
आयोजनाअन्तर्गत २० दशमलव ५५ किलोमिटर चार लेन सडक तथा १८ दशमलव १६ किलोमिटर चार लेनसहित सर्भिस लेन निर्माण गर्नुपर्नेछ । योजना प्रमुख कुँवरले इन्धन अभावले निर्माणमा प्रत्यक्ष असर परेको बताए ।
उनले भने, निर्माण कम्पनीलाई दैनिक चार हजार लिटर डिजेल आवश्यक पर्छ, तर अहिले एक हजार ५०० लिटर मात्र उपलब्ध भइरहेको छ । निर्माण सामग्रीको मूल्यसमेत अत्यधिक बढेकाले काम प्रभावित भएको छ । यसले निर्धारित समयमा आयोजना सम्पन्न गर्न कठिन भएको छ ।
योजनाका सूचना अधिकारी अनन्त बरालका अनुसार कालोपत्रे सम्पन्न भएका क्षेत्रमा सर्भिस लेन निर्माण, सडक मार्किङ, थर्मोप्लास्टिक पेन्ट तथा ‘डब्लु बिम रोड सेफ्टी ब्यारियर’ जडानको काम भइरहेको छ । नेपालको प्रमुख विकास साझेदार एशियाली विकास बैंकको लगानीमा सञ्चालित उक्त आयोजनाअन्तर्गत पश्चिम खण्ड निर्माणका लागि चिनियाँ कम्पनी यनहुइ काइयुयान हाइवे एन्ड ब्रिज कन्स्ट्रक्सनसँग सात अर्ब ४० करोडमा ठेक्का सम्झौता गरिएको थियो । उक्त खण्डको निर्माण सम्झौता विसं २०७८ जेठ २ गते भएको थियो भने २०७८ भदौ १२ गतेदेखि निर्माण थालनी गरिएको थियो ।रासस

# ‘पार्किङ’ शुल्कबाट सङ्कलित रकम शैक्षिक सुधारमा



**बागलुङ ।**
बागलुङको प्रसिद्ध कालिका मन्दिर परिसरको ‘पार्किङ’ शुल्कबाट सङ्कलन गरिएको रकमलाई शिक्षा क्षेत्रमा खर्च गर्न थालिएको छ ।
कालिका भगवती गुठी व्यवस्थापन समितिले पार्किङ शुल्कबाट सङ्कलित रकमलाई विद्यालयको शैक्षिक सुधारमा खर्च गर्न दुई विद्यालमा चार लाखको अक्षयकोष स्थापना गरेको हो । व्यवस्थापन समितिले पदभार ग्रहण गरेको माघ महिनादेखि वैशाखसम्म सङ्कलित रकमबाट बालमन्दिर आधारभूत विद्यालय बागलुङ नगरपालिका–२ र रामरेखा आधारभूत विद्यालय बागलुङ नगरपालिका–१ रामरेखामा दुई÷दुई लाखको अक्षयकोष स्थापना गरिएको बागलुङ कालिका भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष भूपेन्द्र खड्काले जानकारी दिए ।
उनले माघ महिनादेखि पार्किङबाट सङ्कलन भएको चार लाख रकमलाई विद्यालयको शैक्षिक सुधारमा खर्च गर्नका लागि विपन्न र गरिब परिवारका छोराछोरी पढ्ने विद्यालयमा अक्षयकोष स्थापना गरिएको जानकारी दिए ।
पहिलो चरणमा दुई विद्यालयको कोष स्थापना गरेका छौँ ? उक्त कोषको ब्याजबाट विद्यार्थीलाई शैक्षिक सामग्री खरिदमा सहयोग पुग्नेछ, पार्किङ शुल्कबाट आएको रकमले दुई वटै विद्यालयमा कोष वृद्धि गरेर चार÷चार लाख पु¥याइने छ, उनले भने, मन्दिरको पार्किङबाट सङ्कलन भएको रकम यसअघि मानव सेवा आश्रमलाई प्रदान गरिएको थियो, अब जिल्लाका विपन्न परिवारका छोराछोरी अध्ययन गर्ने सामुदायिक विद्यालयमा उक्त कोष स्थापना गरिनेछ ।
समितिले आवश्यकताका आधारमा थप सामुदायिक विद्यालयमा क्रमशः ‘कालिका भगवती गुठी अक्षयकोष’ स्थापना गर्दै जाने जनाएको छ । उक्त कोषबाट गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिने छ । मन्दिरको सामाजिक उत्तरदायित्वअनुसार शिक्षा क्षेत्रमा सहयोग पु¥याउने उद्देश्यले कोष स्थापना गरिएको हो ।
कोष स्थापनाले विद्यालयलाई केही राहत पुग्ने रामरेखा आधारभूत विद्यालयका प्रधानाध्यापक सिर्जना पौडेलले जानकारी दिए । विद्यालयमा सीमान्तकृत माझी समुदायका छोराछोरी, अपाङ्ग भएका विद्यार्थीसहित १३० जना विद्यार्थी अध्ययनरत रहेको जानकारी दिए ।उनले अधिकांश विद्यार्थी निम्नआय भएका परिवारबाट भएकाले सहयोगको आवश्यकता रहेको बताए । उनले आगामी दिनमा पनि यस्ता सहयोगलाई निरन्तरता दिन आग्रह गरे ।
विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भूपेन्द्रबहादुर केसीले विद्यार्थीको पोसाक, खाजा, झोला तथा यातायातजस्ता आवश्यकता विभिन्न निकायको सहयोगबाट व्यवस्थापन गर्दै आएको उल्लेख गर्दै कालिका गुठीको सहयोग विद्यार्थीको उज्ज्वल भविष्यका लागि महत्वपूर्ण हुने जानकारी दिए । समितिका अनुसार पार्किङ व्यवस्थापनमा खटिएका कर्मचारीको खर्च कटाएर २०८२ माघदेखि २०८३ वैशाखसम्म चार लाख रकम सङ्कलन भएको कालिका मन्दिरले जनाएको छ ।
हाल पार्किङ शुल्क स्वेच्छिक राखिएको भए पनि सामान्यतया मोटरसाइकल १० देखि चारपाङ्ग्रे सवारीसाधनबाट ५० सम्म सङ्कलन हुँदै आएको छ । आर्थिक अवस्था कमजोर भए पनि अध्ययन गर्न इच्छुक विद्यार्थीलाई यस्तो अक्षयकोषले महत्वपूर्ण सहयोग पुग्ने उनको भनाइ छ ।रासस

# ढोरपाटन–निसेलढोर सडक स्तरोन्नति



**बागलुङ ।**
बागलुङ निसीखोला गाउँपालिका–५ निसेलढोर जोड्ने सडक कालोपत्र गरिएको छ । चालु आर्थिक वर्षमा गण्डकी प्रदेश सरकार र निसीखोला गाउँपालिकाले विनियोजन गरेको ७२ लाख लगातमा ६ किलोमिटर सडक स्तरोन्नति गरिएको हो । नेपालको एकमात्र ढोरपाटन सिकार आरक्ष कार्यालयदेखि पश्चिममा रहेको निसेलढोर पर्यटकीय गन्तव्यका रुपमा प्रसिद्ध छ ।
गण्डकी प्रदेश सरकारको ६० लाख र गाउँपालिकाको १२ लाखमा सडक स्तरोन्नति गरिएको निसीखोला गाउँपालिकाका सूचना अधिकारी डिलाराम बाँडा मगरले जानकारी दिए । बागलुङ जिल्लाकै सबैभन्दा विकट मानिने निसेलढोर छ वर्ष अगाडिमात्रै मोटरबाटोले जोडिएको थियो । यस वर्ष सडक फराकिलो, नाली निर्माण र केही ठाउँमा ग्राभेलिङको काम गरिएको उनले बताए ।
आर्थिक वर्ष २०७६/७७ मा ढोरपाटनदेखि निसेलढोर जोडिएको थियो । ढोरपाटन नगरपालिका–९ को नवी, भुजी हुँदै मसखोलासम्म सडक राम्रो भए पनि त्यसभन्दामाथि सडक भासिने, हिलो हुने हुँदा गाडी नै गुड्न नसक्ने अवस्था थिएन । एमएस टीएएस इन्जिनियरिङ एन्ड कन्स्ट्रक्सले गत कात्तिक १२ गते जिम्मा पाएकामा वैशाख अन्तिम साता काम सकेको बाँठा मगरले बताए ।
उनले भने, सडक स्तरोन्नतिको काम जेठ अन्तिम साता सक्नुपर्ने म्याद थियो, तर निर्माण कम्पनीले वैशाखमै काम सक्यो, यहाँको सडक धेरै साँघुरो र अप्ठ्यारो हुँदा यात्रा गर्न कठिन थियो, अहिले सहज भएको छ, अब यो सडकमा बाह्रै महिना गाडी सञ्चालन हुन समस्या छैन ।
सडक साँघुरो र अप्ठ्यारो हुँदा निसेलढोरमा बर्खाको करिब पाँच महिना सडक ठप्प हुँदै आएको थियो ।सडक स्तरोन्नति भएपछि स्थानीय खुसी भएका छन् । स्थानीय सम्झाना रसाइलीले बर्खामा यातायता सञ्चालन नहुने हुँदा जेठमै पाँच महिनाका लागि खाद्यान्न ढुवानी गर्दै आएको भन्दै अब त्यो समस्या हट्ने आशा पलाएको बताए । अहिले गाउँसम्मकै सडक फराकिलो र व्यवस्थित बनेको उनको भनाइ छ ।
गाउँमा आउने सडक निकै अप्ठ्यारो हुँदा यहाँका जनताले धेरै दुःख पाएका थियौँ, अब त बर्खामा पनि गाडी चल्ने भयो, उनले भने, सडक खुलेदेखि अहिलेसम्म बर्खायाममा गाडी चल्न सकेको थिएन, यसपालि त सरकारले बाटो राम्रो बनाउनुभयो, गाडी आउला भन्ने लागेको छ ।
एक दशक अगाडिसम्म यहाँ बर्खाको समयमा मात्रै निसीबाट वस्तुभाउ लिएर बस्ने स्थानीय अहिले बाह्रै महिना निसेलढोरमा बस्न थालेका छन् । अहिले बर्खामा ३०० र हिउँदमा झन्डै १५० घरपरिवार निसेलढोरमा बसोबास गर्छन् ।
निसेलढोरमा आलु, स्याउ र सिमीलगायत कृषिजन्य उत्पादन राम्रो हुने तर सडकको दुरावस्थाका कारण बजारीकरणका लागि समस्या थियो । अब सहज हुने स्थानीय कुमबहादुर घर्तीले बताए । सडकको दुरावस्थाका कारण अहिलेसम्म स्थानीय उत्पादन बजारीकरण गर्न सकिएको छैन ।
रासस

# सङ्घीय संसद्को ‘लोगो’ सहित सगरमाथा आरोहण




**काठमाडौँ ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का प्रतिनिधिसभा सदस्य मिङमा डेभिड शेर्पाले सङ्घीय संसद्को ‘लोगो’ सहित सगरमाथा आरोहरण गरेका छन् । उनले बुधबार बिहान ५:४० मा सगरमाथाको आरोहरण गरेको जनाइएको छ ।
सांसद शेर्पाले ‘बेसक्याप’ फर्किएपछि बुधबार साँझ आफ्नो सामाजिक सञ्जाल फेसबुकमार्फत नवौँ दिनमा सगरमाथाको सफल आरोहण गरेको पोष्ट गरेका थिए । ‘सदनदेखि शिखरसम्म’ भन्ने नाराका साथ सांसद शेर्पा सगरमाथा आरोहण गरेका थिए । उनले आफ्नो सगरमाथा आरोहरणमा सहयोग पु¥याउने सभामुख डोलप्रसाद अर्याल सहित सबैमा आभार व्यक्त गरेका छन् ।रासस

# पर्यटकको दैनिक औसत खर्च १९ प्रतिशतले घट्यो

**काठमाडौँ ।**
नेपाल भ्रमणमा आएका पर्यटकको औसत दैनिक खर्च १९ प्रतिशतले घटेको छ । सरकारद्वारा हालै सार्वजनिक गरिएको आर्थिक सर्वेक्षणले पर्यटक भित्रिए पनि खर्च भने घटेको देखाएको हो ।

नेपाल पर्यटन व्यवसायी सङ्घका अध्यक्ष कुमारमणि थपलियाले पर्यटकले खर्च नगर्ने हो भने पर्यटनबाट मुलुक समृद्धिको लक्ष्य हासिल गर्न कठिनाइ हुने बताए । उनका अनुसार नेपाल आउने पर्यटकले यात्रामै बढी खर्च गर्नुपर्ने बाध्यता भएकाले खुलेर खर्च गर्ने अवस्था नरहेको हो । 'यातायात टिकट नै तीन हजार डलर पुग्छ । यस्तो अवस्थामा पर्यटकले यहाँ आएर प्रशस्त खर्च गर्ने पैसा कटौती हुन्छ,' उनले भने, 'हामीले पर्यटकलाई खर्च गराउने वातावरण सिर्जना गर्न सकेका छैनौँ ।'

सङ्घका अध्यक्ष थपलियाले पर्यटकलाई खर्च गराउन विलासी प्याकेज (लक्जरियस प्याकेज) को प्रावधान बनाई कार्यान्वयन गर्नुपर्ने आवश्यकता औँल्याए । बाटो सुविधायुक्त बनाउने, खर्च गर्ने कलात्मक संरचना निर्माण गर्ने र ट्राभल शुल्क कम गर्ने हो भने पर्यटकले खर्च गर्ने आधार बढ्ने उनको तर्क छ ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बुधबार प्रस्तुत गरेको आर्थिक सर्वेक्षण २०८२÷८३ मा गत आर्थिक वर्ष (सन्, २०२४) मा ४० दशमलव ८४ अमेरिकी डलर औसत खर्च गर्ने पर्यटकले सन् २०२५ मा ३३ दशमलव शून्य आठ अमेरिकी डलर मात्रै खर्च गरेका छन् । यस हिसाबले नेपालमा आउने पर्यटकको औसत दैनिक खर्च १९ प्रतिशतले घटेको थपलियाले जानकारी दिए ।

सर्वेक्षणका अनुसार सन् २०२५ देखि केन्द्रीय विद्युतीय पर्यटन व्यवस्थापन सूचना प्रणाली (सिटिएमआइएस) बाट अध्यागमन विभागले पर्यटकको आगमन र प्रस्थान मिति प्रविष्ट गरेपछि स्वचालित हिसाबले गणना हुने प्रबन्ध गरिएकाले पर्यटकको प्रतिदिन औसत खर्चसमेत सोही अनुपातमा घटेको हो । सर्वेक्षणले गत वर्षको तुलनामा यसवर्ष नेपाल भित्रिने पर्यटकको सङ्ख्या एक दशमलव तीन प्रतिशतले वृद्धि भई ११ लाख ६२ हजार ३६५ पुगेको छ देखाएको छ । सन् २०२४ मा ११ लाख ४७ हजार ५४८ पर्यटक भित्रिएका थिए ।

नेपालमा भित्रिने पर्यटकमध्ये ६० दशमलव दुई प्रतिशत बिदा र मनोरञ्जनका लागि आउने गरेका छन् । यसमा पनि सबैभन्दा बढी घुम्न आउने पर्यटकमा तीर्थयात्री १४ दशमलव चार प्रतिशत रहेका तथ्याङ्कले देखाएको सङ्घका अध्यक्ष थपलियाले उल्लेख गर्नुभयो । उनका अनुसार पदयात्रा पर्वतारोहणका लागि १४ दशमलव दुई प्रतिशत र अन्य प्रयोजन (व्यापार, अध्ययन, भ्रमण वा अन्य विविध) का लागि ११ दशमलव दुई प्रतिशत पर्यटक नेपाल आएका छन् ।

यसरी नेपाल भ्रमण गर्ने पर्यटकको बसाइ अवधिसमेत बढेको तथ्याङ्कले देखाएको छ । सन् २०२४ मा प्रतिपर्यटक औसत बसाइ अवधि १३ दशमलव ३० दिन रहेकामा सन् २०२५ मा १६ दशमलव ३४ दिन पुगेको छ । तथ्याङ्कअनुसार सन् २०२५ मा आएका पर्यटकमध्ये भारतबाट करिब दुई लाख ९३ रहेका छन् । त्यसैगरी, अमेरिकाबाट एक लाख १३ हजार, चीनबाट ९६ हजार, बेलायतबाट ५९ हजार, बङ्गलादेशबाट ५८ हजार, अष्ट्रेलियाबाट ५० हजार, श्रीलङ्काबाट ३८ हजार, थाइल्यान्डबाट ३० हजार, जर्मनीबाट ३० हजार, श्रीलङ्काबाट ३८ हजार, जापानबाट २५ हजार र अन्य मुलुकबाट तीन लाख ७१ हजार रहेका छन् ।

तथ्याङ्कले २०२५ मा भ्रमण आय चार दशमलव आठ प्रतिशत वृद्धि भएको देखाउँछ । गत वर्ष आर्थिक वर्षमा पर्यटन क्षेत्रबाट प्राप्त हुने भ्रमण आय ८३ अर्ब ३९ करोड ४० लाख रुपैयाँ थियो । ठमेल पर्यटन परिषद् विकास परिषद्को उपाध्यक्ष सहदेव धमलाले पर्यटकले पर्याप्त खर्च गरे मात्रै राज्यको कुल गार्हस्थ उत्पादनमा योगदन पुर्याउन सकिने बताए । उनका अनुसार अहिले पर्यटकलाई गुणस्तर किनमेल गर्ने वस्तुको अभाव छ ।

त्यस्तै, पर्यटकको चाहनाअनुसारका सेवा प्रवाहमा पनि नेपाल व्यवस्थित हुन आवश्यक रहेको उनले बताए । 'सेवा प्रवाह नै बलियो बनाउन र पर्यटकले किनमेल गर्ने गुणस्तर वस्तुको उत्पादन गर्न राज्यले लगानीमा जोड दिनुपर्छ,' उनले भने ।

# रविन्द्रले रचे इतिहासः 'रोड टु यूएफसी'को सेमिफाइनलमा




**वीरगंज ।**
नेपाली मिक्स मार्सल आर्ट्स (एमएमए) फाइटर रविन्द्र ढाँटले प्रतिष्ठित 'रोड टु युएफसी' सिजन ५ को सेमिफाइनलमा स्थान बनाउँदै इतिहास रचेका छन् ।

चीनको मकाउस्थित ग्यालेक्सी एरेनामा सम्पन्न ब्यान्टमवेट विधाको क्वाटरफाइनल खेलमा फिलिपिन्सका फाइटर किम्बर्ट अलिन्टोजोनलाई पराजित गर्दै रविन्द्रले सेमिफाइनलमा स्थान बनाएका हुन् ।

'बझाङको बाघ' उपनामले चिनिने ढाँटले किम्बर्टलाई दोस्रो राउण्डमै हराए । यस जितसँगै रविन्द्रले व्यावसायिक एमएमए करियरमा १०औं जित हात पारे ।

उनले फिलिपिन्सका अनुभवी फाइटर किम्बर्टलाई लगातार दबाबमा राखे ।भारतको 'मेट्रिक्स फाइट नाइट' (एमएफएन)मा च्याम्पियन बनेका रविन्द्रले सुरुमा म्याटी इआनसँग प्रतिस्पर्धा गर्ने तय भएको थियो । तर, इआन घाइते भएपछि अन्तिम समयमा किम्बर्टसँग उनले प्रतिस्पर्धा गरेका हुन् ।जितपछि ढाँटले विश्वभर रहेका नेपाली समर्थकलाई धन्यवाद दिँदै आगामी खेलहरुमा पनि यस्तै प्रदर्शन गर्ने बताए । उनको जितपछि प्रतियोगितास्थलमा 'जय नेपाल'को नारा गुञ्जिएको थियो ।

उनले पनि जितपछि 'जय नेपाल' र 'जय हनुमान' भनेर खुसी व्यक्त गरे ।

# २५ करोड रुपैयाँसम्मका उद्योग प्रदेश मातहत

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेश सरकारका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री कनिश पटेल को निरन्तर पहलपछि २५ करोड रुपैयाँसम्म स्थिर पूँजी भएका उद्योगहरू अब प्रदेश उद्योग मन्त्रालय मातहत आउने भएका छन् । सात वर्षदेखि कार्यान्वयनमा आउन नसकेको महत्वपूर्ण अधिकार हस्तान्तरण अन्ततः सफल भएको भन्दै यसलाई मधेश प्रदेश सरकारको ठूलो उपलब्धिका रूपमा हेरिएको छ ।

औद्योगिक व्यवसाय ऐन २०७६ को दफा ४ उपदफा १ मा उल्लेख भएका उद्योग बाहेकका उद्योगहरूको दर्ता, नवीकरण, नियमन तथा शासनसम्बन्धी सम्पूर्ण कार्य अब सम्बन्धित प्रदेश सरकारले गर्ने व्यवस्था लागू भएको हो ।

यस विषयलाई प्राथमिकतामा राख्दै मन्त्री कनिश पटेल ले २०८१ वैशाख ३ गते संघीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री गौरी कुमारी यादव समक्ष ध्यानाकर्षण पत्र बुझाएर विशेष पहल गरेका थिए । अब उद्योगसम्बन्धी सेवा प्रदेशमै उपलब्ध हुने भएपछि उद्योगी व्यवसायीलाई सहजता हुने, प्रशासनिक झन्झट कम हुने तथा लगानीमैत्री वातावरण थप बलियो बन्ने अपेक्षा गरिएको छ ।

# सम्पर्कविहीन श्रीमान् खोज्दै रुस पुगेकी श्रीमतीको पनि मृत्यु

**गण्डकी ।**
गरिबीबाट परिवारलाई उकास्ने सपना बोकेर विदेशिएका बर्दियाका ज्ञानबहादुर थापामगरको परिवार अहिले पीडामा डुबेको छ ।

कामका लागि रुस गएका ज्ञानबहादुर सम्पर्कविहीन भएपछि उनको खोजीमा त्यहाँ पुगेकी श्रीमती इन्दिरा थापामगरको पनि हृदयघातबाट उतै निधन भएपछि तीन सन्तानसहित आफन्तजनमा बज्रपात परको छ ।

बर्दियाको बाँसगढी नगरपालिका–४ स्थायी घर भएका ४३ वर्षीय ज्ञानबहादुर सुरुमा दुबई जाने तयारीमा रहे पनि एजेन्टसँगको भेटपछि रुस पुगेका थिए ।रुसमा उनको युक्रेन युद्धसँग जोडिएका क्षेत्रमा पुगेको र मारिएको खबर पाउन श्रीमती इन्दिरा उतै पुग्नुपर्यो ।

श्रीमान्को अवस्था बुझ्न र परिवारको भविष्य जोगाउने आशामा ४० वर्षीय इन्दिरा तीन सन्तानलाई लिएर पोखराको बाटुलेचौरमा मजदुरी गरेर जीविकोपार्जन गर्दै आएकी थिइन् । लामो समयसम्म श्रीमान्को कुनै खबर नआएपछि हारगुहार गर्दै उन रुस पुगेकी थिइन् ।

सम्पर्कविहीन श्रीमान्को निधन नै भएको थाहा पाएर सबै प्रक्रिया पूरा गरी नेपाल फर्कने तयारीमा रहेकै बेला इन्दिरालाई एक्कासी हृदयाघात भयो । रुसस्थित नेपालीहरूको सहयोगमा उनलाई ओएमं पिलाटाभका नाममा रहेको सिष्टी क्लिनिकल अस्पताल १५ नम्बरको २३ वेश्न्याका भस्काया स्ट्रिट, मस्कोमा उपचारका लागि लगिएको थियो ।

वैशाख ३१ गते उपचारकै क्रममा इन्दिराको निधन भयो । अहिलेसम्म पनि शव परीक्षण रिपोर्ट आउन सकेको छैन र आर्थिक अभावका कारण उनको शव नेपाल ल्याउनसमेत कठिनाइ भएको इन्दिराका बुवा चिरन कार्की बताउँछन् ।

छोरी फागुनको ४ गते श्रीमान्को खोजी गर्न रुसका लागि पोखराबाट काठमाडौँतर्फ लागेको उनले जानकारी दिए । इन्दिराका परिवार अहिले मामाघरमा सँगै बस्दै आएका छन् ।

इन्दिराका कान्छा छोरा आठ वर्षीय सौरव थापामगर कक्षा ३ मा पढ्छन् । मुटुमा समस्या भएका कारण सौरवको बेग्लै समस्या छ । नियमित उपचार आवश्यक भए पनि आर्थिक अभावले उपचार रोकिएको छ । आमाको निधन भएको थाहा नदिएइ पनि केही दिनयता नाती सौरव बाटोतर्पm हेर्ने, कम बोल्ने, मलिन र एकोहोरो स्वभावको बन्दै गएको सौरवका हजुरबुबा कार्की बताउँछन् ।

पोखरा महानगरपालिका वडा नं १३ कसेरीस्थित मामाघरमा आश्रय लिएर बसिरेहका सौरवले रासससँग भने, 'आमा आउँदा साइकल ल्याइदिन्छु भन्नुभएको छ ।' ठूलो छोरा निरज थापामगरले भने, 'घर राम्रोसँग हेर्नु र भाइबहिनीको ख्याल गर्नु भनेर आमाले सम्झाएर जानु भएको थियो आज यस्तो अवस्था आयो ।' 'बुबाको निधनको पुष्टि भएपछि कुशको शव वनाएर दाहसंस्कार ग¥यौँ,' भावविह्ल हुँदै २४ वर्षीय निरजले भने, 'बुबाको किरिया गरेको एक वर्ष नपुग्दै आमाको पनि निधन भयो अब के गर्ने ?'

थापामगर परिवारको यो समस्या केबल एउटा परिवारको पीडा मात्र होइन, जोखिमपूर्ण वैदेशिक रोजगारीको कठोर यथार्थ पनि हो । गरिबी, बेरोजगारी र दलालको जालोले नेपाली युवालाई युद्धग्रस्त भूमिसम्म धकेलिरहेको छ । त्यसको सबैभन्दा ठूलो मूल्य निर्दोष बालबालिकाले चुकाइरहेको छन् । यो परिवारमा भविष्यको भन्दा पनि शव ल्याउने समस्यासमेत जटिल बनेको छ ।

पोखरा महानगरपालिका–१७ आँखा अस्पतालचोक निवासी इन्दिराकी माइतीतर्फ कान्छीआमा दिलमाया कार्कीका अनुसार एक साताअघि मात्रै इन्दिरासँग फोन सम्पर्क भएको थियो ।

'एउटै समस्या भएका हामी १२ जना नेपाली महिला एउटै कोठामा बसेका थियौँ, धेरै जना काम सकेर फर्किनुभयो कोठामा कसैले कसैलाई सहयोग गर्न गर्दैनन् । घर फर्किन पाए परिवारलाई भेट्थेजस्तो लागिरहेको छ,' इन्दिराले सुनाएको पीडा दिलमायाले सम्झिइन् । विमानस्थलमा अलपत्र परेकी इन्दिरालाई एक जनाले भेटेर हिन्दी भाषामा समस्या सुनाएपछि नेपालीले सहयोग गरेका थिए ।

इन्दिराको सहयोगी बनेर रुस पुगेका माइतीतर्फका काकाको छोरा भाइ सुरज कार्कीलाई सहयोगीका रूपमा लिएर रुसको मस्को विमानस्थलमा झर्नेवित्तिकै सुरक्षाकर्मीले सोधपुछ गर्दै थियो एकै छिनमा नेपाल फर्काइदियो । 'भाइको कपडा मेरो झोलामा थियो र सम्पूर्ण रकम भाइसँग थियो बोल्न पनि नपाएपछि बेखर्ची भएर विमानस्थलमै अलपत्र परेँ,' दिलमायाले भक्कानिँदै आँखाभरी आँसु पार्दै राससलाई बताए । अब बितेका दुवै जनाको क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारले रुसी सरकारसँग पहल गर्नुपर्नेमा उनको जोड थियो ।

# रास्वपा जलेश्वर नगर अधिवेशनमा विवाद



**मधेशदृष्टि**
**महोत्तरी ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को महोत्तरीको जलेश्वरस्थित नगर अधिवेशनमा नेतृत्व चयनको विषयलाई लिएर विवाद उत्पन्न भएको छ ।

नगर कार्यसमिति चयनका लागि बोलाइएको अधिवेशनमा नगर सभापतिका लागि दुई जनाले दावेदारी प्रस्तुत गरेपछि बन्दसत्रमा विवाद भएको हो । सुरुमा सर्वसम्मत रूपमा नेतृत्व चयन गर्ने तयारी गरिए पनि एकभन्दा बढी आकांक्षी देखिएपछि सहमति जुट्न नसकेको बताइएको छ ।

रास्वपा नेता सुभाष मिश्रका अनुसार वर्तमान कार्यसमितिलाई प्राथमिकता दिने गरी प्रक्रिया अगाडि बढाइएपछि अर्को पक्षले त्यसलाई अस्वीकार गरेको हो । उनले मनोमानी ढंगले नेतृत्व चयन गर्ने प्रयास भएपछि अर्को समूहले निर्वाचनमार्फत नेतृत्व चयन गर्न माग गर्दै आएको बताए । नगर सभापतिमा अजय चौधरीलाई सर्वसम्मत चयन गर्ने तयारी भइरहेका बेला बिनय रायले पनि सभापतिमा दावेदारी प्रस्तुत गरेका थिए ।

दुई जना आकांक्षी देखिएपछि निर्वाचनमार्फत नेतृत्व चयन गर्ने वा पुनः सर्वसम्मतिको प्रयासलाई निरन्तरता दिने भन्ने विषयमा छलफल भइरहेको जनाइएको छ ।

# मकै किसानका पीडाः मूल्य घट्यो, चिन्ता बढ्यो



**रौतहट ।**
उत्तरी भेगका किसान यतिबेला मकै भित्र्याउने चटारोमा छन् । चन्द्रपुर, वृन्दावन, गुजरा र फतुवा विजयपुर नगरपालिकाका किसान बिहानदेखि बेलुकासम्म खेतमा मकै काट्ने, घोगा भाँच्ने, थ्रेसर लगाउने तथा मकै सुकाउने काममा व्यस्त देखिएका छन् ।

वृन्दावन नगरपालिका–१ बलरीका किसान पसिन्द्र पटेलले आफ्नो एक बिघा खेतमा लगाएको मकै बाली भित्र्याउन दिनहुँ १० जना मजदुर परिचालन गरेर काम गराइरहेको बताए । मौसम बिग्रिन सक्ने चिन्ताले किसानलाई मकै छिटो भित्र्याउन हतार भएको उनको भनाइ छ ।

'मकै पूर्ण रुपमा पाकिसकेको छ, फेरि पानी परे क्षति हुन्छ भन्ने डरले चटारोमा काटिरहेका छौँ,' उनले भने । फतुवा विजयपुर नगरपालिका–३ का किसान उपेन्द्र यादवले पनि गत साता परेको वर्षाका कारण मकै भित्र्याउन ढिलाइ भएको बताए । अहिले खेत सुक्दै गएपछि अधिकांश किसान खेतमै व्यस्त भएको उनको भनाइ छ ।

उनका अनुसार यस वर्ष उत्पादन अपेक्षाभन्दा कम भए पनि मकैको गुणस्तर भने राम्रो रहेको छ । फागुन र चैत महिनामा परेको असिना पानी तथा हुरीले मकैबालीमा क्षति पु¥याउँदा उत्पादन घटेको किसानहरूको गुनासो छ । वृन्दावन–१ का किसान रबिन्द्र पटेलका अनुसार प्राकृतिक विपद्का कारण यसपालि धेरै किसानले अपेक्षित उत्पादन लिन सकेनन् ।

चन्द्रपुर नगरपालिका–९ का किसान कुमार गौतमले विगतका वर्षमा दश कठ्ठा खेतबाट करिब ४० क्विन्टल मकै उत्पादन हुने गरेकोमा यस वर्ष उत्पादन घटेर २९ क्विन्टलमा सीमित भएको बताए । उत्पादन घटेका बेला बजार मूल्यसमेत घटेकाले किसान थप चिन्तित बनेका छन् । स्थानीय किसान सुरेश राउतले खेतीपातीका लागि आवश्यक मल, बीउ, इन्धन तथा मजदुरी खर्च निरन्तर बढिरहे पनि मकैको मूल्य भने घट्दै गएको गुनासो गरे ।

'इन्धनको मूल्य बढेको भन्दै खेत जोत्नेदेखि ढुवानीसम्म सबै खर्च बढेको छ, तर किसानले उत्पादन गरेको अन्नको मूल्य घट्नु दुःखद कुरा हो,' उनले भने । किसानका अनुसार गत वर्ष प्रतिक्विन्टल तीन हजार तीन सय रुपैयाँसम्म बिक्री भएको मकै यस वर्ष दुई हजार छ सयदेखि दुई हजार आठ सय रुपैयाँमै बिक्री भइरहेको छ । बजार मूल्य घट्दा लागतसमेत उठाउन कठिन भएको किसानहरूको भनाइ छ ।

# बदली र वर्षाले आगामी केही दिन शीतल महसुस

**काठमाडौँ ।**
पछिल्लो केही दिनदेखि नेपालको तराई क्षेत्रमा तापक्रम घट्दा केही राहत महसुस भएको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार मौसम बदलीका कारण केही दिन विभिन्न जिल्लामा वर्षासहितको हावाहुरी चल्ने र तराई क्षेत्रमा शीतल महसुस हुने जनाएको छ ।

दुई दिनअघि तराइका विभिन्न जिल्लामा ४१ डिग्री नाघेको तापक्रम अहिले ३९ डिग्रीभन्दा तल रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ । विभागको मापन केन्द्रमा भएको अभिलेखअनुसार आज सबैभन्दा बढी तापक्रम धनगढीमा ३८ दशमलव सात डिग्री मापन भएको छ । यस्तै नेपालगञ्जमा ३८ दशमलव दुई डिग्रीसम्म तापक्रम पुगेको छ ।

अन्य जिल्लामा ३६ डिग्रीभन्दा माथि आज तापक्रम नगएको विभागले जनाएको छ । विभागका सूचना अधिकारी दिनकर कायस्थले अहिले देशभर केही शीतल महसुस भएको बताए । उनले अहिले विभिन्न जिल्लामा वर्षा हुने क्रम बढेको भन्दै काठमाडौँसहित कतिपय जिल्लामा वर्षा भइरहेको जानकारी दिए ।

आजमात्रै धनकुटामा सबैभन्दा बढी ८७ मिलिमिटर वर्षा भएको छ । काठमाडौँसहितका कतिपय जिल्लामा भने मध्यमसम्म वर्षा भएको विभागले जानकारी दिएको छ । भोलिदेखि भने वर्षा केही बढ्ने जनाइएको छ ।

विभागले शुक्रबार साँझ जारी गरेको बुलेटिनअनुसार हाल नेपालमा पश्चिमी वायू र स्थानीय वायू तथा नेपालको पूर्वी भूभाग नजिक रहेको न्यून चापीय क्षेत्रको प्रभाव रहेको छ । जसका कारण अहले देशका हिमाली र पहाडी भूभागमा साधारणतया बादल लागेको छ भने बाँकी तराई भूभागमा आंशिक बादल लागेको छ । कोशी प्रदेशका केही स्थानमा, बागमती, गण्डकी, कर्णाली र सुदुरपश्चिम प्रदेशका थोरै स्थानमा मेघगर्जन–चट्याङ्गसहित मध्यमसम्मको वर्षा भइरहेको विभागका सूचना अधिकारी कायस्थले जानकारी दिए ।

मौसमविद् धर्मराज उप्रेतीका अनुसार पश्चिम तराईको लु अर्थात् अत्यधिक गर्मीको अवस्था शुक्रबार रातिदेखि कमी आउने र आगामी तीन–चार दिन शीतल महसुस हुने सम्भावना छ ।

उनका अनुसार जेष्ठ १५ गते बिहानैदेखि पश्चिम नेपालका तीन प्रदेश (सुदुर पश्चिम, कर्णाली अनि लुम्बिनी)मा वर्षा, असिना, हावाहुरीको सम्भावना रहेको र जेष्ठ १८ गतेसम्म यो प्रणालीको प्रभाव रहने छ । यो प्रणालीको प्रभाव गण्डकी, कोशी र मधेशमा पनि देखिने हुँदा शीतल महसुस हुने बताइएको छ ।

विभागका अनुसार शुक्रबार देशभर साधारणतया बादल लागी गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशलगायत बाँकी हिमाली र पहाडी भूभागका केही स्थानमा तथा मधेश प्रदेशलगायत कोशी र बागमती प्रदेशका तराई भूभागका एक–दुई स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना छ । सुदूरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशका तराई र पहाडी भूभागका थोरै स्थानमा हावाहुरीको पनि सम्भावना रहेको बुलेटिनमा उल्लेख छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन